
# लेखापरीक्षण प्रतिवेदन

# सुनापती गाउँपालिका, रामेछाप

## आर्थिक वर्ष २०८०/८१




## महालेखापरीक्षकको कार्यालय

काठमाडौं, नेपाल

# लेखापरीक्षण प्रतिवेदन

# सुनापती गाउँपालिका, रामेछाप

आर्थिक वर्ष २०८०/८१

## महालेखापरीक्षकको कार्यालय

काठमाडौं, नेपाल

## दूरदृष्टि
(VISION)

**जवाफदेहिता, पारदर्शिता र निष्ठा प्रवर्द्धन गर्ने विश्वसनीय सार्वजनिक संस्था**

*(Be A Credible Public Institution in Promoting Accountability, Transparency and Integrity)*

## गन्तव्य
(MISSION)

**राष्ट्रलाई स्वतन्त्र एवं गुणस्तरीय लेखापरीक्षण सेवा प्रदान गर्ने**

*(Provide independent and Quality Audit Service to the Nation)*

## मूल्य मान्यता
(CORE VALUES)

| | |
|---|---|
| ***स्वतन्त्रता*** | *(Independence)* |
| ***निष्ठा*** | *(Integrity)* |
| ***पारदर्शिता*** | *(Transparency)* |
| ***जवाफदेहिता*** | *(Accountability)* |
| ***व्यावसायिकता*** | *(Professionalism)* |

# महालेखापरीक्षकको भनाइ



नेपालको संविधानको धारा २४१ मा सङ्घ, प्रदेश र स्थानीय तहको लेखा कानुन बमोजिम नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्यसमेतको विचार गरी महालेखापरीक्षकबाट लेखापरीक्षण हुने व्यवस्था छ। लेखापरीक्षण ऐन, २०७५ को दफा २० को उपदफा २ मा महालेखापरीक्षकले प्रत्येक स्थानीय तहको लेखापरीक्षण सम्पन्न गरी अलग अलग लेखापरीक्षण प्रतिवेदन जारी गर्न सक्ने व्यवस्था छ। लेखापरीक्षण गर्दा लेखापरीक्षण ऐन, २०७५, नेपाल सरकारी लेखापरीक्षणमान, लेखापरीक्षण मार्गदर्शन, स्थानीय तह लेखापरीक्षण निर्देशिका, महालेखापरीक्षकको वार्षिक लेखापरीक्षण योजना र स्थानीय तहसँग सम्बन्धित ऐन, नियमलाई आधार लिइएको छ। सोहीबमोजिम स्थानीय तहको २०८०।८१ को लेखापरीक्षण सम्पन्न गर्दा देखिएका बेहोरा उल्लेख गरी प्रारम्भिक प्रतिवेदन जारी गरिएकोमा सो उपर प्राप्त प्रतिक्रियासमेत सम्बोधन गरी राय सहितको प्रतिवेदन जारी गरिएको छ।

वित्तीय विवरणको शुद्धता, प्रचलित कानुनको परिपालना, राजस्व प्रक्षेपण तथा बजेट निर्माण, योजना तर्जुमा एवं कार्यक्रम कार्यान्वयन, खरिद व्यवस्थापन तथा विकास निर्माण, सार्वजनिक सेवा प्रवाह, आन्तरिक नियन्त्रण प्रणाली, आन्तरिक आय परिचालन, जनशक्ति व्यवस्थापन, जिम्मेवारी एवं जवाफदेहितालगायतका विषयहरूको अध्ययन, विश्लेषण तथा मूल्याङ्कन गर्नुका साथै स्रोत साधनको प्राप्ति, उपयोग एवं परिचालन सन्दर्भमा मितव्ययिता, कार्यदक्षता र प्रभावकारिता समेतलाई दृष्टिगत गर्दै कार्यान्वयनयोग्य सुझाव प्रदान गरी सुशासन कायम गर्न सहयोग गर्नु लेखापरीक्षणको उद्देश्य रहेको छ।

सबै स्थानीय तहको स्थलगतरूपमा लेखापरीक्षण सम्पन्न गरी लेखापरीक्षणको क्रममा देखिएका बेहोरा उपर स्थानीय तहका पदाधिकारी तथा जिम्मेवार कर्मचारीहरूसँग छलफलसमेत गरिएको छ।

यस वर्ष सामान्यतया स्थानीय तहमा कार्यसम्पादनका लागि आवश्यक कानुन निर्माण पूर्ण रूपमा नभएको, विद्यमान कानुनको पूर्ण परिपालना हुन नसकेको, बजेट अनुशासन कमजोर रहेको, आन्तरिक आय न्यून रहेको, करदाताको अभिलेख व्यवस्थित नभएको, आन्तरिक आयलाई व्यवस्थित गर्न नसकिएको, प्रशासनिक खर्चमा वृद्धि हुँदै गएको, योजनालाई खण्डीकृत गरी कार्य गर्ने गरेको, वर्षान्तको खर्च उच्च रहेको, आयोजनाको प्राथमिकीकरण गरेर बजेट विनियोजन नभएको, निर्माणको सुनिश्चितता नभएका आयोजनाहरूको समेत विस्तृत आयोजना प्रतिवेदन तयार गरिएको, जटिल प्रकृतिका कार्यहरूसमेत उपभोक्ता समितिबाट गराएको, जनशक्ति व्यवस्थापन हुन नसक्दा सेवा प्रवाह प्रभावकारी हुन नसकेको, स्वीकृत दरबन्दी बेगरका कर्मचारीसमेत करारमा नियुक्ति गरेको, सार्वजनिक सम्पत्तिको अभिलेख तथा संरक्षण र उपयोग प्रभावकारी रूपमा हुन नसकेकोले आन्तरिक नियन्त्रण र लेखाङ्कन तथा प्रतिवेदन एवं बेरुजु फस्यौंटमा सुधार गर्नुपर्ने लगायतका बेहोरा देखिएका छन्।

लेखापरीक्षणबाट उल्लेख गरेका बेहोराको समयमा नै फस्यौंट तथा सुझावहरूको कार्यान्वयनबाट वित्तीय अनुशासनमा अपेक्षित सुधार गरेर स्थानीयतहबाट हुने विकास निर्माण तथा समग्र कार्यसम्पादन र सेवा प्रवाहलाई प्रभावकारी बनाउनुपर्दछ।

अन्तमा, स्थानीय तहको लेखापरीक्षणमा सहयोग पुऱ्याउने पदाधिकारी तथा कर्मचारी लगायत सबै सरोकारवाला प्रति आभार व्यक्त गर्दछु। साथै लेखापरीक्षण कार्यमा संलग्न कर्मचारीहरूमा समेत विशेष धन्यवाद व्यक्त गर्दछु।

(तोयम राया)
महालेखापरीक्षक

२०८२ वैशाख

**महालेखापरीक्षकको कार्यालय**
**Office of the Auditor General**
**बागमती प्रदेश लेखापरीक्षण निर्देशनालय**
**काठमाडौं**

प.सं.:2081/82 मिति : २०८२-२-७

च.न.:FAR/2080-81/LOC/223

**विषयः** लेखापरीक्षण प्रतिवेदन।

श्री अध्यक्षज्यू,

सुनापती गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालय,

हिलेदेवी, रामेछाप ।

## कैफियतसहितको राय

हामीले सुनापती गाउँपालिकाको आर्थिक वर्ष २०८०।८१ को प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन, बजेट तुलनात्मक विवरण, स्थानीय संचित कोषको बार्षिक आर्थिक विवरण र त्यससँग सम्बन्धित लेखानीति तथा टिप्पणीहरू समावेश भएको एकीकृत वित्तीय विवरणको लेखापरीक्षण गरी रायसहितको प्रतिवेदन पेस गरेका छौँ।

हाम्रो रायमा, यस प्रतिवेदनको कैफियत सहितको राय व्यक्त गर्ने आधार खण्डमा उल्लेख भएका विषयले पार्ने असर बाहेक पेश भएको आर्थिक वर्ष २०८०।८१ को प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन, बजेट तुलनात्मक विवरण, स्थानीय संचित कोषको बार्षिक आर्थिक विवरण र त्यससँग सम्बन्धित लेखानीति तथा टिप्पणीहरू समावेश भएको एकीकृत वित्तीय विवरणले नेपाल सार्वजनिक क्षेत्र लेखामान (नगदमा आधारित) र आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ लगायत सम्वन्धित प्रचलित कानुन बमोजिम सारभूतरूपमा सही तथा यथार्थ अवस्था चित्रण गर्दछ ।

## कैफियत सहितको राय व्यक्त गर्ने आधार

१. यो गाउँपालिकाको आर्थिक कार्य प्रणालीको लेखाङ्कन गर्न स्थानीय संचित कोष व्यवस्थापन प्रणाली (सुत्र) प्रयोगमा रहेको छ । पालिकाले पेश गरेको प्राप्ती र भुक्तानीको एकिकृत वार्षिक प्रतिवेदन (म.ले.प. फा. नं. २७०) मा अन्तर सरकारी वित्तीय हस्तान्तरणबाट प्राप्त भएको सामाजिक सुरक्षा तथा संरक्षणको रु.११ करोड ०३ लाख १६ हजार र

एकिकृत स्वास्थ्य पूर्वाधार विकास कार्यक्रमको रु.१ करोड ८७ लाख २६ हजार तथा स्वास्थ्य क्षेत्र सुधार कार्यक्रमको १३ लाख ८० हजार सुत्रमा लेखाङ्कन गरेको छैन ।

२. गाउँपालिकाको रु.१ अर्व १४ करोड ८६ लाखको लेखापरीक्षण गरिएकोमा रु.२ करोड ६८ लाख ७४ हजारको बेरुजू देखिएको छ । सो सम्बन्धमा रु.२ लाख ४4 हजारको प्रतिक्रिया प्राप्त भएकोमा सो उपर कारबाही भई बाँकी बेरुजु असुल गर्नुपर्ने रु.२३ लाख ९९ हजार, प्रमाण कागजात पेश गर्नुपर्ने रु.७३ लाख ६८ हजार, नियमित गर्नुपर्ने रु.१ करोड ४७ लाख ९६ हजार र पेस्की बाँकी रु.२० लाख ६७ हजार रहेको छ । गत वर्षसम्म रु.१३ करोड ७६ लाख ८९ हजार बेरुजु बाँकी रहेकोमा हालसम्मको अद्यावधिक बेरुजु रु.१६ करोड ४३ लाख २० हजार रहेको छ । बेरुजु वर्गीकरण, अद्यावधिक बेरुजु स्थिति र बेरुजु सम्परीक्षणको व्यहोरा यसैसाथ संलग्न छ।

३. गाउँपालिकाले वित्तीय विवरण नेपाल सार्वजनिक लेखामानको ढाँचामा तयार गरेकोमा लेखा टिप्पणीहरु ४, ७, सम्पत्ती तथा राजश्व लगायतका विषयहरु खुलासा गरेको छैन ।

लेखापरीक्षण कार्य नेपालको संविधान, लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्बन गरेको नेपाल सरकारी लेखापरीक्षण मान, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुनबमोजिम गरिएको छ। एकीकृत वित्तीय विवरण तयार गर्ने सुनापती गाउँपालिकासँग हामी स्वतन्त्र छौं। त्यसका लागि स्वीकृत आचारसंहिता अनुसार हामीले काम गरेका छौँ। लेखापरीक्षणको क्रममा प्राप्त भएका आधार र प्रमाणहरू राय व्यक्त गर्न पर्याप्त र उपयुक्त छन् भन्नेमा विश्वस्त छौं ।

**अन्य बेहोरा**

यो सुनापती गाउँपालिकाको लेखापरीक्षणबाट स्रोत र साधनको प्राप्तिको प्रक्षेपण यथार्थपरक नभएको, लक्ष्यअनुसार असुली नभएको, कर्मचारीको दरबन्दी अनुसार स्थायी पदपूर्ति नभएका कारण विकास निर्माण र सेवा प्रवाहमा असर परेको, अनुदानको पर्याप्त अनुगमन नभएको, वितरणमुखी कार्यक्रम सञ्चालन गरेको, आन्तरिक नियन्त्रण प्रणाली कमजोर रहेको लगायतका बेहोरा यस लेखापरीक्षण प्रतिवेदनमा औल्याइएको छ ।

**वित्तीय विवरण उपर व्यवस्थापन को जिम्मेवारी**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ र स्थानीय सरकार सञ्चालन ऐन, २०७४ तथा अन्य प्रचलित कानुन बमोजिम वित्तीय जिम्मेवारी र जवाफदेहिता जिम्मेवार व्यक्तिमा रहेको हुन्छ । त्यसैगरी नेपाल सरकारबाट स्वीकृत भई महालेखा नियन्त्रक कार्यालयबाट लागु भएको नेपाल सार्वजनिक क्षेत्र लेखामान (नगदमा आधारित) बमोजिम आर्थिक कारोवारको सही र यथार्थ अवस्था चित्रण हुने हुने गरी वित्तीय विवरण तयार गर्ने तथा जालसाजी वा त्रुटीका कारण वित्तीय विवरण सारभूतरूपमा गलत आँकडा रहित बन्ने गरी आवश्यक आन्तरिक नियन्त्रण प्रणाली लागू गर्ने जिम्मेवारी सुनापती गाउँपालिका व्यवस्थापनमा रहेको छ । गाउँकार्यपालिका, गाउँपालिका अध्यक्ष र प्रमुख प्रशासकीय अधिकृत वित्तीय प्रतिवेदन प्रक्रियाको अनुगमनका लागि जिम्मेवार रहेका छन् ।

**वित्तीय विवरणको लेखापरीक्षण उपर लेखापरीक्षकको जिम्मेवारी**

वित्तीय विवरण समग्रमा जालसाजी वा त्रुटिका कारण सारभूत रूपमा गलत आँकडारहित रहेको छ भनी यथोचित आश्वस्तता प्राप्त गरी रायसहितको लेखापरीक्षण प्रतिवेदन जारी गर्नु लेखापरीक्षणको उद्देश्य हो। लेखापरीक्षणमा यथोचित आश्वस्तताले उच्च स्तरको आश्वस्तता प्रदान गरेको हुन्छ। लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको

कार्यालयले अवलम्बन गरेको नेपाल सरकारी लेखापरीक्षण मान, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुनबमोजिम लेखापरीक्षण कार्यसम्पादन गरिएको छ। यसरी लेखापरीक्षण गरिएको अवस्थामा समेत आन्तरिक नियन्त्रण र वित्तीय प्रतिवेदनको प्रकृति, लेखापरीक्षणका विधि तथा लेखापरीक्षण सम्पन्न गर्न लागेको समय जस्ता लेखापरीक्षणका अन्तर्निहित सीमाहरूका कारण वित्तीय विवरण वा आर्थिक कारोबारमा भएका सबै प्रकारका जालसाजी वा त्रुटि पत्ता लाग्न सक्ने निश्चितता हुँदैन। वित्तीय विवरणका उपयोगकर्ताले सामान्यतया गर्ने आर्थिक निर्णयमा फरक पार्ने अवस्था देखिएका जालसाजी वा त्रुटिका एक वा समग्र सूचनालाई सारभूत रूपमा गलत आँकडा मानिएको छ।

( तारा प्रसाद पाण्डे )

नायब महालेखापरीक्षक

# बेरुजु वर्गीकरण

चालु वर्षको बेरुजु

| प्रारम्भिक बेरुजु | | | प्रतिक्रियाबाट फछ्र्यौट | | | प्रतिक्रियाबाट थप बेरुजु रकम | बाँकी बेरुजु | | | बेरुजु | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | | | असुल गर्नु पर्ने | नियमित गर्नुपर्ने | | | | | पेस्की |
| दफा संख्या | | रकम | दफा संख्या | | रकम | | दफा संख्या | | रकम | असुल गर्नु पर्ने | अनियमित भएको | प्रमाण कागजात पेश नभएको | जिम्मेवारी नसारेको | सोधभर्ना नलिएको | जम्मा | पेस्की |
| सैद्धान्तिक | लगती | | सैद्धान्तिक | लगती | | | सैद्धान्तिक | लगती | | | | | | | | |
| ५२ | १३२ | २,६८,७४,३२० | ० | ५० | २,४३,६२० | ० | ५२ | ८२ | २,६६,३०,७०० | २३,९९,०८८ | १,४७,९६,५४० | ७३,६८,०७२ | ० | ० | २,२१,६४,६१२ | २०,६७,००० |

अद्यावधिक बेरुजू स्थिति

| जिल्ला | गत वर्ष सम्मको बाँकी | समायोजन | यो वर्ष फस्यौंट | बाँकी बेरुजु | यो वर्ष सम्परीक्षणबाट कायम बेरुजु | यो वर्षको बेरुजु | कुल बेरुजु बाँकी |
|---|---|---|---|---|---|---|---|
| रामेछाप | १३,७६,८९,००० | ० | ० | १३,७६,८९,००० | ० | २,६६,३०,७०० | १६,४३,१९,७०० |

बेरुजु सम्परीक्षणको विवरण

| क्र.सं | आर्थिक वर्ष | बेरुजुको दफा | बेरुजुको छोटकरी व्यहोरा | सम्परीक्षण भएको रकम |
|---|---|---|---|---|
| १ | २०८०/८१ | ८१ | सहभागी भत्ता | ९,६९० |
| २ | २०८०/८१ | ७१ | विद्यालय सुपरिवेक्षण तथा अनुगमन | १३,५०० |
| ३ | २०८०/८१ | ७९ | भ्रमण खर्च | ७,५०० |
| ४ | २०८०/८१ | ४८ | भ्रमण अवधिमा बैठक भत्ता | ४,००० |
| ५ | २०८०/८१ | ३८ | बैठक भत्ता | ३४,९०० |
| | | | | |

| | | | | |
|---|---|---|---|---|
| ६ | २०८०/८१ | ५० | प्रशिक्षक भत्ता | १८,५८० |
| ७ | २०८०/८१ | ३६ | नियम बिपरित खर्च | ४५,०५० |
| ८ | २०८०/८१ | ४६ | तालिम अनुगमन | ६१,१०० |
| ९ | २०८०/८१ | ३७ | कार्यपालिका वैठक भत्ता | ४५,०५० |
| १० | २०८०/८१ | ३९ | एकै बिषयमा धेरै पटक भत्ता | ४,२५० |
| जम्मा | | | | २,४३,६२० |

# (८०३२४५०६३०० - सुनापती गाउँपालिका, रामेछाप )

## परिचय

१

**(क) कार्यालय परिचय :-**स्थानीय शासन पद्धति सुदृढ गरी विधायिकी, कार्यकारिणी र न्यायिक अभ्यास संस्थागत गर्दै स्थानीय सरकार सञ्चालन गर्न यस पालिकाको स्थापना भएको हो । स्थानीय सरकारले सञ्चालन गर्ने कार्यमा सहकारीता, सह-अस्तित्व र समन्वय प्रवर्द्धन गर्नु र स्थानीय सरकारका काममा जनसहभागीता, उत्तरदायित्व, पारदर्शीता सुनिश्चित गरी नागरिकलाई गुणस्तरीय सेवा प्रदान गर्नु पालिकाको उद्देश्य रहेको छ । यस पालिकामा ५ वटा वडा अन्तर्गत ८६.९८ वर्ग किलोमिटर क्षेत्रफल तथा १४६५८ हजार जनसंख्या रहेको छ ।

**(ख) लेखापरीक्षणको उद्देश्य :-** लेखापरीक्षण गरिने निकायको वित्तीय विवरण तथा कारोबारको परीक्षण गरी उचित आश्वस्तता (Reasonable Assurance) प्रदान गर्नु वित्तीय लेखापरीक्षणको उद्देश्य हो । यस कार्यालयको आर्थिक वर्ष २०८०।८१ को सबै प्रकारका आर्थिक कारोबारको परीक्षण एवं प्रचलित कानूनको परिपालनाको मूल्याङ्कन गरी प्रतिवेदन गर्नु लेखापरीक्षणको उद्देश्य रहेको छ ।

**(ग) लेखापरीक्षणको क्षेत्र र अवधि :-** यस पालिकाको विनियोजन, राजस्व, धरौटी, कोष तथा अन्य आय-व्यय, मौज्दात हिसाब, आर्थिक व्यवस्थापन, कार्यक्रम सञ्चालन, जिन्सी व्यवस्थापन, जनशक्ति व्यवस्थापन तथा सेवा प्रवाह लगायत आर्थिक वर्ष २०८०/८१ मा सञ्चालित क्रियाकलापलाई लेखापरीक्षण क्षेत्रमा समावेश गरिएको छ । स्थलगत लेखापरीक्षणको अवधि २०८१ ।५।१३ देखि २०८१ ।५।१६ सम्म रहेको छ ।

**(घ) लेखापरीक्षण विधि :-** लेखापरीक्षण ऐन, २०७५ र नेपाल सरकारी लेखापरीक्षण मानदण्ड तथा मार्गदर्शनमा नमुना छनौट गरी लेखापरीक्षण सम्पन्न गर्न सकिने आधार तथा कार्यालयले स्वीकृत गरेको जोखिममा आधारित लेखापरीक्षण योजनाका आधारमा निकायको आन्तरिक नियन्त्रणको परीक्षण तथा विश्लेषणात्मक र विस्तृत परीक्षण विधि अवलम्वनबाट लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन जारी गरिएको छ । लेखापरीक्षण गर्दा देखिएका व्यहोरा सम्बन्धमा कार्यालय प्रमुख तथा लेखा प्रमुख लगायतका पदाधिकारीहरूसँग छलफल सम्पन्न गरी कायम भएका व्यहोराहरू यस प्रतिवेदनमा समावेश गरिएको छ ।

**(ङ) लेखापरीक्षणको सीमा :-** लेखापरीक्षण ऐन, २०७५ र नेपाल सरकारी लेखापरीक्षण मानदण्ड, २०७७ तथा मार्गदर्शनमा नमुना छनौट गरी लेखापरीक्षण सम्पन्न गर्न सकिने आधार तथा महालेखापरीक्षकको कार्यालयले नेपाल लेखापरीक्षण व्यवस्थापन प्रणाली (NAMS) अवलम्बन गरी स्वीकृत भएको जोखिममा आधारित लेखापरीक्षण योजना, लेखापरीक्षण गरिएको निकायबाट पेश भएका लेखा एवं सोसँग सम्बन्धित कागजात, विवरण, लिखित प्रतिनिधित्व पत्र, लेखापरीक्षण अनुबन्ध पत्र समेतको आधारमा लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन जारी गरिएको छ । आम्दानी तथा खर्चलाई नतिजासँग तुलना गरी विश्लेषण गर्नका लागि पर्याप्त भौतिक एवं स्थलगत अवलोकन गर्न भौगोलिक कठिनाइ, समय सीमा, स्रोतको उपलब्धता, प्रमाणको प्रकृति तथा पहुँच जस्ता अन्तर्निहित जोखिमहरु सीमाको रुपमा रहेका छन् । सारभूत रूपमा उल्लेखनीय नदेखिएका व्यहोरालाई प्रतिवेदनमा समावेश गरिएको छैन ।

**(च) आर्थिक कारोबारको स्थिति :** पालिकाको विनियोजन, राजस्व, धरौटी, अन्य कारोवार र आय-व्ययतर्फको रु.१,१४,८६,००,७१९।८७ को लेखापरीक्षण सम्पन्न गरिएको छ । सोको विस्तृत विवरण अनुसुची-१ मा संलग्न छ ।

## लेखापरीक्षणबाट देखिएका व्यहोराहरु

२ **वित्तीय विवरणको परीक्षण**

**स्थानीय संचित कोष :** स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ६९ र ७२ बमोजिम गाउँपालिकाले प्राप्त गरेको आय, अनुदान तथा सहायता र स्थानीय सरकार संचालनमा भएका आय-व्यय हिसावको आर्थिक वर्ष २०८०।८१ को वित्तीय प्रतिवेदन म.ले.प.फा.नं. २७० निम्न बमोजिम रहेको छः

| प्राप्ति र भुक्तानीको एकिकृत वार्षिक प्रतिवेदन (बजेट र गैरबजेट निकाय) | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| क्र.स./ आर्थिक सङ्केत | विवरण | चालु आ.ब.को कारोबार | | | गत आ.ब. को कारोबार | | |
| | | नगद | तेस्रो पक्ष भुक्तानी (सोझै भुक्तानी) | जम्मा | नगद | तेस्रो पक्ष भुक्तानी (सोझै भुक्तानी) | जम्मा |
| | राजस्व, अनुदान र अन्य प्राप्ति | | | | | | |
| ११००० | कर | ८३२३३२६०.९६ | ०.०० | ८३२३३२६०.९६ | ३३१२७१७५.७० | ०.०० | ३३१२७१७५.७० |
| १३००० | अनुदान | ३४६३६४५२१.५८ | ०.०० | ३४६३६४५२१.५८ | ३९३००८८०५.३६ | ०.०० | ३९३००८८०५.३६ |
| १४००० | अन्य राजस्व | ३७२२२७७.८९ | ०.०० | ३७२२२७७.८९ | ०.०० | ०.०० | ०.०० |
| ३३३६६ | दहत्तर बहत्तर शुल्क | २४००००.०० | ०.०० | २४००००.०० | ०.०० | ०.०० | ०.०० |
| क | कुल जम्मा प्राप्ति | ४३३५६००६०.४३ | | ४३३५६००६०.४३ | ४२६१३५९८१.०६ | | ४२६१३५९८१.०६ |
| ३ | चालु | २८३७००४५७.०१ | ०.०० | २८३७००४५७.०१ | २७८७९०६८०.६५ | ०.०० | २७८७९०६८०.६५ |
| २१००० | पारिश्रमिक / सुविधा | १८६३१७७३७.११ | ०.०० | १८६३१७७३७.११ | १८०९५२४०५.६५ | ०.०० | १८०९५२४०५.६५ |
| २२००० | मालसामान तथा सेवाको उपयोग | ६९२९१२३६.४१ | ०.०० | ६९२९१२३६.४१ | ८८६०३२९७.८७ | ०.०० | ८८६०३२९७.८७ |
| २५००० | सहायता (Subsidy) | ५४८०००.०० | ०.०० | ५४८०००.०० | १५०००००.०० | ०.०० | १५०००००.०० |
| २६००० | अनुदान | २०८२८८०५.०६ | ०.०० | २०८२८८०५.०६ | ०.०० | ०.०० | ०.०० |
| २७००० | सामाजिक सुरक्षा | ५६१७३२८.४३ | ०.०० | ५६१७३२८.४३ | ५९५९८५४.१३ | ०.०० | ५९५९८५४.१३ |
| २८००० | अन्य खर्च | १०९७३५०.०० | ०.०० | १०९७३५०.०० | १७७५१२३.०० | ०.०० | १७७५१२३.०० |
| ४ | पूंजीगत | १५०९९६००७.०१ | ०.०० | १५०९९६००७.०१ | २२५०३५०२१.०२ | ०.०० | २२५०३५०२१.०२ |
| ३१११० | भवन तथा संरचना | ३३७३९८६६.७२ | ०.०० | ३३७३९८६६.७२ | २३३८७३८१.९० | ०.०० | २३३८७३८१.९० |
| ३११२० | सवारी साधन, मेशिनरी औजार, फर्निचर्स तथा फिक्चर्स | ८१८३९७८.८४ | ०.०० | ८१८३९७८.८४ | ९६७०३८६.९१ | ०.०० | ९६७०३८६.९१ |
| ३११३० | अन्य पूँजीगत खर्च | १४५६३८८०.०० | ०.०० | १४५६३८८०.०० | १८२६७४३९.३३ | ०.०० | १८२६७४३९.३३ |
| ३११५० | सार्वजनिक निर्माण | ९४५०८२८१.४५ | ०.०० | ९४५०८२८१.४५ | १७१६८६७७२.८८ | ०.०० | १७१६८६७७२.८८ |
| ३११७० | पूँजीगत सुधार खर्च | ०.०० | ०.०० | ०.०० | १६२४१५०.०० | ०.०० | १६२४१५०.०० |
| ३१२२० | मौज्दात सामानहरु | ०.०० | ०.०० | ०.०० | ३९८८९०.०० | ०.०० | ३९८८९०.०० |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| ख) | कुल जम्मा भुक्तानी | ४३४६९६४६४.०२ | | ४३४६९६४६४.०२ | ५०३८२५७०१.६७ | | ५०३८२५७०१.६७ |
| ग) | बचत /कमी (ग = क-ख ) | (११३६४०३.५९) | | (११३६४०३.५९) | (७७६८९७२०.६१) | | (७७६८९७२०.६१) |
| घ) | धरौटी, आकस्मिक कोष लगायतका अन्य कोषको मौज्दातको थप/घट (+/-) | (२५१०८३०.६८) | | (२५१०८३०.६८) | ५३२९०९०.०३ | | ५३२९०९०.०३ |
| घ.१) | कट्टी रकम भुक्तानी/ दाखिला गर्न बाकी | ४०२५५९.०० | | ४०२५५९.०० | (८६०.००) | | (८६०.००) |
| ङ) | यस आ.ब.को नगद तथा बैंक मौज्दात (बचत /(कमी)) ( ङ = ग+घ) | (३६४७२३४.२७) | | (३६४७२३४.२७) | (७२३६०६३०.५८) | | (७२३६०६३०.५८) |
| च) | गत आ.व.को नगद तथा बैंक मौज्दात | ४९८९७४७६.४५ | | ४९८९७४७६.४५ | १२२२५८१०७.०३ | | १२२२५८१०७.०३ |
| छ) | विनिमय नाफा/ घाटा तथा अन्य समायोजन | | | | | | |
| ज) | आ.व. अन्तको बाँकी नगद तथा बैंक मौज्दात ( ज= ङ+च+छ) | ४६२५०२४२.१८ | | ४६२५०२४२.१८ | ४९८९७४७६.४५ | | ४९८९७४७६.४५ |

गाँउपालिकाले पेस गरेको वित्तीय विवरणमा समावेश नभएको खर्च शीर्षकहरू निम्नानुसार रहेका छन्:

| सि.नं. | खर्च शीर्षक | बजेट | निकासा खर्च |
|---|---|---|---|
| १. | सामाजिक सुरक्षा तथा संरक्षण | ११४००५९८४ | ११०३१६५०८.६७ |
| २. | एकिकृत स्वास्थ्य पूर्वाधार विकास कार्यक्रम | ३६७६३००० | १८७२६६७३ |
| ३. | स्वास्थ्य क्षेत्र सुधार कार्यक्रम | ३५१०००० | १३८०००० |
| | **जम्मा** | **१५४२७८९८४** | **१३०४२३१८२** |

## ३ वित्तीय प्रतिवेदन

३.१ स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को नियम ७२ मा नेपाल सरकारले निर्धारण गरे बमोजिमको आय र व्ययको वर्गीकरण तथा खर्च शीर्षक सम्बन्धी व्यवस्था अवलम्बन गर्नुपर्ने तथा नियम ७६(२) मा महालेखा परीक्षकबाट स्वीकृत भए बमोजिमको ढाँचामा लेखा राख्नुपर्ने व्यवस्था गरेको छ । पालिकाले २०७६।२।१९ मा महालेखापरीक्षकबाट स्वीकृत भएको सार्वजनिक क्षेत्र लेखामान (NPSAS)

अनुसार लेखाङ्कन तथा प्रतिवेदन गर्नुपर्दछ । पालिकाले उपलव्ध गराएको स्थानीय सरकारको कोषको प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं २७०) सम्बन्धमा निम्नानुसार देखिएको छः

३.२ वित्तीय विवरणको यथार्थता : पालिकाको आर्थिक कार्यप्रणालीको लेखाङ्कन गर्न स्थानीय सञ्चित कोष व्यवस्थापन प्रणाली (सुत्र) प्रयोगमा रहेको छ । आर्थिक कारोबार गर्दा सुत्रको प्रयोग गरी सम्पूर्ण आर्थिक कारोवारको लेखाङ्कन तथा प्रतिवदेन गर्नुपर्दछ भने सोही प्रणालीबाट स्थानीय सरकारको कोषको प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं २७०) तयार गर्नुपर्छ । पालिकाले सामाजिक सुरक्षा तथा संरक्षणको रु.११,०३,१६,५०८।-, एकीकृत स्वास्थ्य पूर्वाधार बिकास कार्यक्रमको रु.१,८७,२६,६७३।- र स्वास्थ्य क्षेत्र सुधार कार्यक्रमको रु.१३,८०,०००।- गरी रु.१३,०४,२३,१८१।- सुत्रमा लेखाङ्कन गरेको छैन । जसले गर्दा सुत्रबाट तयार भएको वित्तीय विवरणसमेत पूर्ण नहुँदा पालिकाको यथार्थ आर्थिक अवस्थाको चित्रण गरेको छैन । तसर्थ सबै आर्थिक कारोबार सुत्र मार्फत हुने र सबै कारोबार वित्तीय विवरणमा समावेश गर्ने व्यवस्था गर्नुपर्दछ ।

## ४ फरक जिम्मेवारी

पालिकाले आफ्नो कारोबारको जिम्मेवारी भिडान गरी हिसाब यकिन गर्नुपर्दछ । पालिकाको गतवर्षको लेखापरीक्षण प्रतिवेदन अनुसार रु.५,१४,९९,१७७।४५ मौज्दात रहेकोमा यो वर्ष रु.४,९८,९७,४७६।४५ जिम्मेवारी सारेको छ । जस अनुसार लेखापरीक्षण प्रतिवेदनमा उल्लेख भएको भन्दा रु.१६,०१,७०१।- घटी जिम्मेवारी सारेको सम्बन्धमा यकिन गर्नुपर्ने रु.

| | |
|---|---|
| प्रमाण पेश नगरेको | १६,०१,७०१ |

## ५ बैङ्क हिसाब विवरण

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७६ अनुसार पालिकाको कारोबार, आय व्ययको लेखा प्रणाली तथा राजस्व र खर्च शीर्षकको वर्गीकरणअनुसार लेखाङ्कन र बैङ्क हिसाब मिलान विवरण (म.ले.प.फा.नं.२१२) तयार गरी हिसाब भिडान समेत गर्नुपर्दछ । पालिकाले बैङ्क हिसाब मिलान विवरण तयार नगरेको कारण वर्षान्तमा स्रेस्ता र बैङ्क मौज्दात देहायअनुसार छः

| संकेत | खाता | श्रेस्तानुसार मौज्दात रकम | बैंक अनुसार मौज्दात रकम | फरक |
|---|---|---|---|---|
| ग १.१ | आन्तरिक राजस्व खाता | -९३४०४.६९ | ४९८७१३६.३४ | ५०८०५४१.०३ |
| ग १.२ | बाँडफाँडबाट प्राप्त राजस्व खाता | ० | ६१४३१९०.४७ | ६१४३१९०.४७ |
| ग १.३ | आन्तरिक अनुदान खाता | ० | १३१६२४८० | १३१६२४८० |
| ग ६.१ | स्थानीय तह विभाज्य कोष खाता | ० | ० | ० |
| ग ४.१ | स्थानीय तह सञ्चित कोष खाता | ३९२५९६०१.८४ | १५५८०२९८.७० | -१३६७९३०३.१४ |
| ग ३.१ | स्थानीय तह धरौटी खाता | ७१४५१२२.०३ | ७१४५१२२.०३ | ० |
| ग २.१ | चालू खर्च खाता- विजोर वर्ष | ० | १७२४४७८४.४४ | १७२४४७८४.४४ |
| ग २.३ | पूँजिगत खर्च खाता- विजोर वर्ष | -६१०७७ | ५९८७०३६.७६ | ६०४८११३.७६ |
| ग २.७ | विविध खर्च खाता | ० | ६४३६५६.९८ | ६४३६५६.९८ |
| ग ७.२ | स्थानीय तह प्रकोप व्यवस्थापन कोष खाता | ० | ० | ० |
| ग ५.१ | विविध कोष खाता | ० | १९३९६० | १९३९६० |
| **जम्मा** | | **४६२५०२४२.१८** | **७१०८७६६५.७२** | **२४८३७४२३.५४** |

पालिकाले म.ले.फा.नं. २१२ तयार गरी स्रेस्ता र बैङ्कबीच हिसाब मिलान गर्नुपर्दछ ।

## ६ सञ्चित कोषमा जम्मा (ट्रान्सफर)

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७५ बमोजिम एक आर्थिक वर्षमा खर्च हुन नसकी बाँकी रहेको रकम आर्थिक वर्षको अन्तमा स्थानीय तहको सञ्चित कोषमा स्थानान्तरण गर्नुपर्ने व्यवस्था छ । आर्थिक वर्ष समाप्त पश्चात पनि पालिकाको आन्तरिक राजस्व खातामा नगद रु.(९३,४०४।६९), पूँजीगत खर्च खातामा रु.(६१,०७७।-) मौज्दात रहेको पाइयो । सो खाताहरुमा माइनसमा रकम देखिएकोले सो सम्बन्धमा यकिन गरी हिसाब पेश हुनुपर्दछ ।

७ **आन्तरिक नियन्त्रण प्रणाली**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८ वमोजिम आन्तरिक नियन्त्रण प्रणाली तयार गरी लागु गर्नुपर्नेमा लागु गरेको पाईएन । यस सम्वन्धमा देखिएका अन्य व्यहोराहरु तपशिल वमोजिम रहेका छन ।

- पालिकाले एक आर्थिक वर्ष भित्र भएको आर्थिक कारोवारको अनुसुची १४ वमोजिमको ढाँचामा वार्षिक प्रतिवेदन तयार गरेको पाइएन,
- पालिकाले कार्यक्रमगत तथा योजनागत खाता राखेको पाइएन,
- अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा १७ बमोजिम मध्यकालीन खर्च संरचना तयार गर्नुपर्नेमा पालिकाले सो बमोजिमको मध्यकालीन खर्चको संरचना तयार गरेको पाइएन,
- कार्यालयले उद्वेश्य प्राप्तिमा आइपर्ने सम्भावित जोखिमहरु पहिचान गरी निराकरणको प्रयासको अभिलेख राखेको पाइएन,
- सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ७ र ८ अनुसार खरिद गुरुयोजना र वार्षिक खरिद योजना तयार गर्नुपर्नेमा तयार गरेको पाइएन,
- स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १३ वमोजिम आर्थिक वर्ष शुरु हुनुभन्दा पन्ध्र दिन अगावै पालिकाले आफ्नो क्षेत्रभित्रको निर्माण सामाग्री, मूल्य, ज्याला, भाडा तथा अन्य महशुलको स्थानीय न्युनतम दररेट तोक्नु पर्नेमा तोकेको पाइएन,
- स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७४(२) अनुसार सार्वजनिक खरिद नियमावली बनाई लागु गर्न सक्ने व्यवस्था भएकोमा बनाएको पाइएन,
- सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७अनुसार यस वर्ष कार्यसम्पन्न भएका आयोजना तथा कार्यक्रमहरु उपभोक्ता समितिलाई हस्तान्तरण गर्नुपर्नेमा गरेको पाइएन,
- वातावरण संरक्षणको एकिकृत दिर्घकालिन योजना तयार गरेको पाइएन,
- सुशासन (व्यवस्थापन तथा सञ्चालन) नियमावली, २०६५ अनुसार नागरिक वडापत्रमा उल्लेखित सेवाहरुको कार्यान्वियन स्थिती अनुगमन गर्न अनुगमन संयन्त्र तय गरेको पाइएन,
- निजामती सेवा ऐन, २०४९ वमोजिम कार्य विवरण वनाई लागु गरेको पाइएन,
- मन्त्रालयको मिति २०७३।१२।२५ को आर्थिक कारोबार तथा खाता सञ्चालन सम्बन्धमा थप स्पष्ट पारिएको परिपत्रको दफा १७ बमोजिम यस पालिका तथा पालिकामा समाहित भएका साविकका गाउँ विकास समिति तथा नगरपालिकाको नाममा रहेको पेश्की तथा बेरुजु अभिलेख समायोजन भएको पालिकामा कायम गरी नियमानुसार पेश्की फछ्र्यौट तथा बेरुजु सम्परीक्षण कार्य गर्नुपर्नेमा यस पालिकामा समाहित भएका साबिकका विषयगत कार्यालयको बेरुजू लगत तथा सम्परीक्षणको अभिलेख पालिकाले एकिन गरी अध्यावधिक गरेको पाइएन,
- रणनीतिगत विषय, क्षेत्रगत मध्यकालीन तथा दीर्घकालीन विकास योजना तयार गरी कार्यान्वियनमा ल्याएको पाइएन,
- स्थानीय तहले आफ्नो क्षेत्रमा कार्यान्वियन हुने आयोजनाको विश्लेषण गरी सम्भाब्य आयोजनाको बैंक तयार गरे पनि लागत यकिन भएको पाइएन,
- दिगो विकास योजना (२०१५-३०) लाई कार्यान्वियन गर्ने सन्दर्भमा लक्ष्यलाई आन्तरिकीकरण गर्ने र मध्यमकालिन लक्ष्यहरू तोकि मूल्याङ्कन गर्ने कार्य भएको पाइएन,
- कुनै रकमको भुक्तानी दिँदा रित पुगेको वा नपुगेको जाँच गरी रसिद विल भर्पाइहरूमा सिलसिलेवार नम्बर राखी कार्यालय प्रमुखले तोकेको कर्मचारीले भुक्तानी भएको जनाउने छाप समेत लगाई दस्तखत गरी प्रमाणित गर्नुपर्नेमा सो अनुसार गरेको पाइएन,

- सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७(११) मा निर्माण कार्य सम्पन्न गरिसकेपछि भौतिक संरचनाहरूको विवरण खुलाई अभिलेख राख्नुपर्नेमा सो राखेको पाइएन,
- सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधि, २०७७ को परिच्छेद ७ दफा ३१ मा आगामी आर्थिक वर्षमा भत्ता प्राप्त गर्नेहरूको विवरण सम्बन्धित वडा समितिहरूको सिफारिसका आधारमा स्थानीय सभामा पेश गर्नुपर्ने व्यवस्था रहेकोमा कार्यालयले लाभग्राहीहरूको विवरण सभामा पेश गरेको पाइएन,
- विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन, २०७४ को दफा ४५ मा स्थानीय विपद् व्यवस्थापन समितिले गरेको कामको वार्षिक प्रतिवेदन जिल्ला विपद् व्यवस्थापन समिति तथा प्रदेश विपद् व्यवस्थापन कार्यकारी समिति समक्ष पेस गर्नुपर्ने व्यवस्था रहेकोमा प्रतिवेदन तयार गरी सम्बन्धित समितिमा पेश गरेको पाइएन,
- स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ९७ मा स्थानीय तहले सार्वजनिक सम्पत्तिको संरक्षण गर्नुपर्ने उल्लेख भएकोमा पालिकाले सार्वजनिक सम्पत्तिहरूको अभिलेख राखेको पाईएन,
- अधिकांश पत्रपत्रिका तथा सञ्चार माध्यममा जनचेतनामूलक सूचना प्रकाशन/प्रशारण बापतको बिल भुक्तानी भएको तर सोको सम्झौता तथा कार्यादेश भएको पाइएन,
- पालिका अन्तर्गतका सडक संरचनाको मर्मत तथा व्यवस्थापन गर्दा मेशिन चलेको फोटो, गर्नुपर्ने कामको पालिकावाट यकिन पुष्ट्याइ सहित कार्य गरेको पाइएन,
- पूर्वाधार संरचनाको निर्माणको काम गर्दा सबै कार्यमा काम गर्नु अघिपछिको फोटो लिइने कार्यलाई अनिवार्य गरेको पाइएन,
- सडक ट्र्याक, ढुंगा सोलिंग तथा भवनको निर्माणमा उपयोगी तथा किफायती नर्म्सको पर्योग गरी पालिकाको दर विष्लेषणको पुस्तिका तयार गरेको पाइएन,
- पालिका अन्तर्गतका विद्यालयल तथा स्वास्थ्य संस्था तथा विद्यालयहरुमा खरिद तथा वितरण गरेको जिन्सी मालसामानको सार्वजनिक सम्पत्ती व्यवस्थापन प्रणाली [PAMS] अभिलेखीकरण गरी खर्च लेखेको पाइएन,
- भ्रमण खर्च नियमावली, २०६४ अनुसार कार्यालयले भ्रमण काजमा खटाउँदा अधिकांशमा अनुगमन भ्रमण प्रतिवेदन पेश भएको पाइएन,
- सवारी मर्मतमा लागत अनुमान तयार गरेको पाइएन,
- विभिन्न कार्यक्रमहरूको अनुगमन बापत भत्ता भुक्तानी भएकोमा अनुगमन प्रतिवेदन पेश भएको पाइएन,

तसर्थ पालिकाले आन्तरिक नियन्त्रण प्रणालीलाई तोकीए बमोजिम प्रभावकारी र विश्वशनीय बनाई सेवा प्रवाह सुदृढ बनाउने तर्फ ध्यान दिनुपर्ने देखिन्छ ।

८ **आन्तरिक लेखापरीक्षण**

स्थानीय तह सञ्चालन ऐन, २०७४ को दफा ७७ (२) मा स्थानीय तहले आर्थिक कारोबारको नियमितता, मितव्ययीता, कार्यदक्षता र प्रभावकारीताको आधारमा प्रत्येक त्रैमासिक समाप्त भएको एक महिना भित्र आन्तरिक लेखापरीक्षण गराउनु पर्ने उल्लेख छ । तर पालिकाले यस वर्षको आर्थिक कारोबारको आन्तरिक लेखापरीक्षण गराएको छैन । तसर्थ कानुनमा तोकिए बमोजिम आर्थिक कारोबारको आन्तरिक लेखापरीक्षण गराई आन्तरिक नियन्त्रण प्रणालीलाई प्रभावकारी बनाउने तर्फ ध्यान दिनुपर्दछ ।

९ **आन्तरिक लेखापरीक्षक**

स्थानीय तह सञ्चालन ऐन, २०७४ को दफा ७७ (२) बमोजिम आन्तरिक लेखापरीक्षण गराउनु पर्ने उल्लेख छ । पालिकामा एक जना आन्तरिक लेखापरीक्षक रहेकोमा निजलाई वडा सचिवको कार्य जिम्मेवारी दिई खटाइएको देखियो । निजलाई वडा सचिवको जिम्मेवारी दिएकोले आन्तरिक लेखापरीक्षण प्रतिवेदन पेश नभएको जानकारी प्राप्त भयो । आन्तरिक लेखापरीक्षकलाई आन्तरिक लेखापरीक्षण गर्न लगाई वित्तीय शुद्धता जाँच गर्नुपर्नेमा फरक जिम्मेवारीमा खटाइनु नियमसम्मत र उचित देखिएन ।

१० **बजेट पेश, पारित र अख्तियारी**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ मा स्थानीय तहले आगामी आर्थिक वर्षको राजस्व र व्ययको अनुमान कार्यपालिकाबाट स्वीकृत गराई असार १० गते भित्र पेश गर्ने र यसरी पेश भएको बजेट छलफल गरी असार मसान्तभित्र सभाबाट पारित गर्नुपर्ने व्यवस्था छ । सोही ऐनको दफा ७३ मा सभाबाट बजेट स्वीकृत भएको ७ दिनभित्र स्थानीय तहका प्रमुखले प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गर्नुपर्ने व्यवस्था छ । यस वर्ष पालिका उपाध्यक्षले मिति २०८०।३।३० मा रु.५४ करोड ५३ लाख ९७ हजारको बजेट सभा समक्ष पेश गरेकोमा सभाबाट मिति २०८०।३।३० मा पारित भएको छ । यसैगरी स्थानीय तहका अध्यक्षले मिति २०८०।४।७ मा प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गरेको देखिन्छ । आर्थिक वर्ष भित्र सम्पन्न गरिसक्ने गरी बजेट, कार्यक्रम र योजना व्यवस्थापन गर्नु पर्दछ ।

## ११ क्षेत्रगत बजेट र खर्चको स्थितिः

स्थानीय तहको एकीकृत, समानुपातिक र दिगो विकासका क्षेत्रगत रुपमा समानुपातिक बजेट विनियोजन गरी खर्च गर्नुपर्ने हुन्छ । यस पालिकाको २०८०।८१ को क्षेत्रगत बजेट र खर्चको स्थिति देहाय अनुसार रहेको देखिन्छ ।

| क्र.स | क्षेत्र | बजेट | खर्च | खर्च प्रतिशत |
|---|---|---|---|---|
| १ | आर्थिक विकास | २७३०७००० | १०९७१५७६.०१ | २.५२ |
| २ | सामाजिक क्षेत्र | २७५७४०००० | २४३७३००८५.८८ | ५६.०७ |
| ३ | पूर्वाधार विकास क्षेत्र | १३८३९२१०० | ९७७६९१७०.५४ | २२.४९ |
| ४ | सुशासन तथा अन्तरसम्बन्धित क्षेत्र | २६०००००० | २२३१८७०३.८४ | ५.१४ |
| ५ | कार्यालय सञ्चालन तथा प्रशासनिक खर्च | ७७९५८००० | ५९९०६९२७.७५ | १३.७८ |
| **जम्माः** | | ५४५३९७१०० | ४३४६९६४६४.०२ | १०० |

उल्लिखित विवरण अनुसार कुल खर्च मध्ये आर्थिक विकासतर्फ २.५२ प्रतिशत, सामाजिक क्षेत्रतर्फ ५६.०७ प्रतिशत, पूर्वाधार विकासतर्फ २२.४९ प्रतिशत, सुशासन तथा अन्तरसम्बन्धित क्षेत्रतर्फ ५.१४ प्रतिशत र अन्य कार्यालय सञ्चालन तथा प्रशासनिकतर्फ १३.७८ प्रतिशतले खर्च गरेको छ । आर्थिक विकासतर्फ २.५२ प्रतिशत मात्र खर्च रहेको देखिँदा गरिबी निवारण लगायतको कामको लागि यस क्षेत्रमा अधिक भन्दा अधिक बजेट विनियोजन गरी खर्च गर्नुपर्ने एवम् कार्यालय सञ्चालन तथा प्रशासनिक क्षेत्रमा खर्च धेरै गरेकोले प्रशासनिक खर्च तर्फ मितव्ययीता कायम हुनुपर्दछ । साथै, सुशासन तथा अन्तरसम्बन्धित क्षेत्रमा विनियोजन रकम एवं खर्च अभिवृद्धि गर्नुपर्दछ ।

## १२ योजना प्राथमिकीकरण

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २४ मा स्थानीय तहले आवधिक योजना बनाई लागु गर्नुपर्ने उल्लेख छ । स्थानीय तहले योजना तथा बजेट तर्जुमा दिग्दर्शन, २०७४ को दफा ५.२.४ सँग सम्बन्धित अनुसूची-३ मा आयोजना प्राथमिकीकरणका आधारहरू गरिवी निवारण, उत्पादनमूलक, रोजगारी, लागत सहभागिता, स्थानीय स्रोत र साधन, समावेशी विकास, दिगो र वातावरण संरक्षण र भाषिक र सांस्कृतिक विकास उल्लेख गरेको छ र सोही अनुसार गणना गरी प्राथमिकता आधारमा योजना छनौट गर्नुपर्ने व्यवस्था छ । तर पालिकाले आर्थिक वर्ष २०८०।८१ मा निम्नानुसार ५ वडाको लागि वडागत र पालिकास्तरका कुल १०८ योजनामा बजेट विनियोजन गरेको छ ।

| क्र.सं. | कार्यक्रमको नाम | योजना संख्या | रु.२० लाख माथिका योजना संख्या | रु.५ लाखदेखि २० लाखसम्मका योजना संख्या | रु.५ लाख भन्दा कमका योजना संख्या |
|---|---|---|---|---|---|
| १ | पालिकास्तरीय | ४५ | १ | २४ | २० |
| २ | वडास्तरीय | ६३ | ० | २० | ४३ |
| **जम्माः** | | **१०८** | **१** | **४४** | **६३** |

उपर्युक्त विवरण अनुसार पालिकाले साना र वितरणमुखी योजनाहरु सञ्चालन गरेको देखिन्छ । जसले गर्दा सञ्चालित योजनावाट दीर्घकालिन प्रतिफल प्राप्त नहुनका साथै चालु प्रकृतिका खर्चमा बृद्धि भै लागत प्रभावी नहुने तथा निर्माण कार्यको गुणस्तरमा समेत प्रश्न उठ्ने गरेको छ । त्यसैगरी यो वर्ष सभाले पारित गरेका उल्लेखित योजना मध्ये १०६ योजना मात्र कार्यान्वियन भई २ योजना कार्यान्वियन हुन सकेको देखिएन । तसर्थ पालिकाले योजना वस्तुनिष्ठ तवरले प्राथिमिकीकरण र छनौट गरी प्रभावकारी कार्यान्वियन गर्नुपर्दछ ।

## १३ खर्च बिश्लेषण

पालिकाले यसवर्ष कुल आन्तिरक आयबाट रु.४९,९९,१८१।१०, राजस्व बाँडफाँड र अनुदानबाट रु.४२,८५,६०,८७८।५३ समेत रु.४३,३५,६०,०५९।६३ आम्दानी भएकोमा चालू तर्फ रु.२८,३७,००,४५७।०१ र पूँजिगत तर्फ रु.१५,०९,९६,००७।०१ समेत रु.४३,४६,९६,४६४।०२ खर्च भएको छ । खर्च मध्ये आन्तरिक आयको हिस्सा १.१५ प्रतिशत रहेको छ । यसवर्ष पदाधिकारी सुविधामा रु.४२,००,०००।- खर्च भएको छ जुन आन्तरिक आयको ८४.०१ प्रतिशत रहेको छ । पालिकालाई प्राप्त भएको सबै अनुदान र राजस्व बाँडफाँडको रकमबाट ६६.२० प्रतिशत चालु र ३५.२३ प्रतिशत मात्र पूँजीगत निर्माणमा खर्च भएको देखिन्छ । यसबाट पालिकाले विकास निर्माण कार्यक्रम सञ्चालनमा न्युन खर्च गरी प्रशासनिक कार्यमा बढी खर्च गरेको देखिन्छ । प्रशासनिक खर्च नियन्त्रण गर्दै प्राप्त अनुदान र राजस्व बाँडफाँडको रकम अधिक रुपमा विकास निर्माणमा परिचालन गरिनुपर्दछ ।

## १४ त्रैमासिक पूँजीगत खर्च

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३५ बमोजिम बजेट तथा कार्यक्रम कार्यान्वयन गर्ने कार्यालयले त्रैमासिक प्रगति विवरण बनाई कार्यसम्पादन गर्नुपर्ने व्यवस्था छ । पालिकाले उपलव्ध गराएको विवरण अनुसार त्रैमासिक पूँजीगत खर्चको स्थिति देहाय बमोजिम छ ।

| **रु. हजारमा** | | | | | | |
|---|---|---|---|---|---|---|
| **बजेट उपशिर्षक** | **कुल खर्च** | **त्रैमासिक खर्च** | | | | **आषाढ महिनाको खर्च** |
| | | **प्रथम** | **दोस्रो** | **तेश्रो** | **चौथो** | |
| पुँजीगत खर्चतर्फ | १५०९९६ | १९२८५ | १२६६१ | ३०९८२ | ८८०६८ | ७०५०१ |
| प्रतिशत | **१००** | **१२.७७** | **८.३९** | **२०.५२** | **५८.३२** | **४६.६९** |

पालिकाले उपलब्ध गराएको विवरण अनुसार वार्षिक रु.१५ करोड ९ लाख ९६ हजार खर्च भएकोमा प्रथम त्रैमासिकमा रु.१ करोड ९२ लाख ८५ हजार(१२.७७ प्रतिशत), दोस्रो त्रैमासिकमा रु.१ करोड २६ लाख ६१ हजार (८.३९ प्रतिशत), तेस्रो त्रैमासिकमा रु.३ करोड ०९ लाख ८२ हजार (२०.५२ प्रतिशत) र चौथो त्रैमासिकमा रु.८ करोड ८० लाख ६८ हजार ( ५८.३२ प्रतिशत) खर्च गरेको देखिएको छ । यसरी नै आषाढ महिनामा मात्र रु.७ करोड ५ लाख १ हजार (४६.६९ प्रतिशत) खर्च देखिनुले आषाढमा आएर खर्चको चाप बढेको देखिएकाले सन्तुलित खर्च व्यवस्थापन भएको देखिएन । स्वीकृत कार्यक्रम अनुसार चौमासिक रुपमा सन्तुलित खर्च हुने गरी कार्यक्रम कार्यान्वियन गरिनुपर्दछ । वर्षान्तिमा हतारमा काम गराउँदा कामको गुणस्तरमा असर पर्ने देखिएकोले नियममा भएको व्यवस्था अनुरुप आषाढमा खर्च गर्ने परिपाटीमा नियन्त्रण गर्नुपर्दछ ।

## १५ वार्षिक खरिद योजना/गुरुयोजना

सार्वजनिक खरिद ऐन, २०६३ मा सार्वजनिक निकायले तोकेको सीमाभन्दा बढी रकमको खरिद गर्दा तोकिए बमोजिमको खरिद गुरुयोजना र वार्षिक खरिद योजना तयार गर्नुपर्ने व्यवस्था छ । यस्तै सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ७ ले वार्षिक १० करोडभन्दा बढीको खरिद गर्दा गुरुयोजना तयार गर्नुपर्ने र नियम ८ ले वार्षिक १० लाखभन्दा बढीको खरिद गर्दा वार्षिक खारिद योजना बनाउनुपर्ने व्यवस्था छ । यस पालिकाले विभिन्न शीर्षक अन्तर्गत वार्षिक रु.१५,०९,९६,००७।०१ पूँजीगत खर्च/खरिद निर्माण कार्य गरेको छ । तर पालिकाले आफ्नो खरिद नियमावली नबनाएको अवस्थामा उक्त ऐन, नियम बमोजिम वार्षिक खरिद योजना र गुरुयोजना नबनाई खरिद कार्य गरेको देखियो । अतः पालिकाले उक्त नियमावली बमोजिम खरिद योजना/गुरुयोजना बनाई व्यवस्थित र प्रभावकारी हुने गरी खरिद कार्य गर्नुपर्दछ ।

१६ **मध्यकालिन खर्च संरचना**

अन्तरसरकारी बित्त व्यवस्थापन ऐन, २०७४ को दफा १७ ले स्थानीय तहले आगामी वर्षमा कार्यान्वियन हुने योजनाको साथै थप २ वर्षको कार्यान्वियन हुने योजना र त्यसको स्रोतको सुनिश्चितताको आधारमा वजेट कार्यान्वियन हुने व्यवस्था छ । तर यस पालिकाले उक्त मध्यकालिन खर्च संरचना तयार गरेको छैन । खर्च संरचनाको अभावमा भविष्यमा कार्यान्वियन हुने योजनाहरु र तीनको कार्यान्वियन गर्न स्रोतको अस्पष्टता हुने हुँदा योजनाको कार्यान्वियन पक्ष फितलो हुने, योजना अलपत्र हुने भएकोले खर्च संरचनाको आधारमा बजेट र योजना प्रणालीलाई कार्यान्वियन गर्नु प्रभावकारी हुन्छ ।

१७ **दिगो बिकास योजना**

संयुक्त राष्ट्रसंघले अघि सारेको दिगो विकास लक्ष्यको सन् २०३० सम्म कार्यान्वियन गर्न नेपालले १६ वटा वुँदा प्रतिवद्धता व्यक्त गरी ति लक्ष्यको स्थानीकरण र आन्तरिकीकरण गरेको छ ।पूर्वाधार, कृषि, पशु, उर्जा, समाजकल्याण, बालकल्याण, महिला विकास, सुरक्षित मातृत्व लगायतका बिषयहरु संघीयता सँगै स्थानीय स्तरमा हस्तान्तरण र निक्षेपित भैसकेको छन् । दिगो विकासको लक्ष्य प्राप्त गर्न स्थानीय तहले सूचक निर्धारण गर्ने, डाटा तयार गर्ने, प्रदेश र संघमा तिनको संचार र समन्वय गर्ने कार्य भएको देखिएन । स्थानीय तहले बार्षिक बजेट बमोजिम नियमित तवरले पुरानो आधारमै कार्य गरेका छन् । दिगो विकासको लक्ष्य अनुरुप कार्यक्रम बनाउने, समन्वय गर्ने, अभिलेख र तथ्यांक राखी दिगो विकासको राष्ट्रिय सूचक हाँसिल गर्न संघमा संचार गर्ने कार्य भएको छैन । दिगो विकासको लक्ष्यको आधारमा तालमेल हुने गरी योजना र कार्यक्रम लागू गरी अभिलेख र सूचना प्रणाली प्रभावकारी बनाउनुपर्दछ ।

१८ **व्यवसाय कर**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ५८ मा पालिकाले आफ्नो कार्यक्षेत्र भित्र रहेका विभिन्न व्यवसाय गर्ने व्यक्तिबाट व्यवसाय कर उठाउनुपर्ने व्यवस्था रहेको छ । यस वर्ष पालिकाले व्यवसाय दर्ता तथा नवीकरण शुल्क वापत रु.५८,९००।- कर सङ्कलन गरेकोमा पालिकाको क्षेत्रभित्र रहेका व्यवसायीहरुको अभिलेख अध्यावधिक गरेको छैन । जसबाट पालिकाले सङ्कलन गरेको व्यवसाय कर यथार्थ मान्न सक्ने अवस्था छैन । तसर्थ पालिकाले क्षेत्र भित्र सञ्चालनमा रहेका सम्पूर्ण व्यवसायीको अद्यावधिक अभिलेख राखी करको दायराभित्र ल्याउनुपर्दछ ।

१९ **आवधिक योजना**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ बमोजिम पालिकाले आफ्नो अधिकार क्षेत्रभित्रको विकासका लागि आवधिक योजना बनाई लागू गर्नेमा यस पालिकाले आवधिक योजना तयार गरेको छैन । पालिकाले आवधिक योजना तयार गरेकोमा यसको पूर्ण पालना गरेको देखिएन । पालिकाले वार्षिक बजेट तथा कार्यक्रम तयार गर्दा आवधिक योजनाका दीर्घकालीन विषयलाई भन्दा सालवसाली विषयहरूलाई समावेश गरेको देखिन्छ । स्थानीय तहको समग्र विकासका लागि आवधिक योजनाको पूर्ण पालना हुनुपर्दछ ।

२० **आन्तरिक आय**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६ बमोजिम स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समितिले पालिकामा प्राप्त हुने आन्तरिक आय समेतको व्यवस्थापन गर्न सक्ने व्यवस्था छ । पालिकाको आर्थिक वर्ष २०८०।८१ मा केन्द्रीय अनुदानबाट गरेको खर्चका तुलनामा आन्तरिक आयको स्थिति देहाय बमोजिम छ ।

| केन्द्रिय अनुदानबाट खर्च | आन्तरिक आय | आन्तरिक आय प्रतिशत |
|---|---|---|
| २८८६००६२०.१५ | ४९९९१८१.९० | १.७३ |

उपर्युक्त विवरण अनुसार स्थानीय तहमा प्राप्त केन्द्रीय अनुदानबाट भएको खर्चको तुलनामा आन्तरिक आयको हिस्सा १.७३ प्रतिशत मात्र रहेको छ । त्यसैले पालिकाको आन्तरिक आय सङ्कलनको दायरालाई फराकिलो पार्दै आन्तरिक आय वृद्धि गर्नेतर्फ ध्यान दिनुपर्ने देखिन्छ ।

२१ **आय अनुमान**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६ बमोजिम स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समितिले पालिकामा प्राप्त हुने आन्तरिक आयसमेतको व्यवस्थापन गर्न सक्ने व्यवस्था छ। पालिकाले पेश गरेको आय-व्ययको अनुमानमा आन्तरिक आयतर्फ मालपोत, कर, सेवा शुल्क, दस्तुर वापत अनुमानित रु.३०,००,०००।- प्राप्त हुने प्रक्षेपण गरेकोमा आर्थिक वर्ष २०८०।८१ मा रु.४९,९९,१८१।९० अर्थात् अनुमान भन्दा ६६.६४ प्रतिशत बढी आय प्राप्त भएकोमा आम्दानी गर्दा राख्नुपर्ने आवश्यक म.ले.प.फा.न. नराखेको, प्राप्त हुनुपर्ने र प्राप्त भएको राजश्व भिडान गर्ने आन्तरिक नियन्त्रण पद्धती नभएकाले प्राप्त हुनुपर्ने राजश्व सन्दर्भमा एकिन हुन सकिएन । आम्दानीका अन्य स्रोतको पहिचान गरी आयको अनुमान यथार्थपरक बनाई आय आर्जन वृद्धि गर्नेतर्फ विशेष ध्यान दिन आवश्यक देखिएको छ ।

२२ **स्थानीय तथ्याङ्क, अभिलेख तथा स्रोत नक्साङ्कन**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ बमोजिम स्थानीयतहले आफ्नो क्षेत्रभित्रको आधारभुत तथ्याङ्क सङ्कलन, अभिलेख र सोको व्यवस्थापन गर्नुपर्ने तथा आफ्नो क्षेत्रभित्रको शैक्षिक, भौगोलिक अवस्था, प्राकृतिक स्रोत अन्तर्गत खानी, जंगल तथा अन्य स्रोत, पूर्वाधार अन्तर्गत सडक, पुल, खानेपानी लगायतको अभिलेख तथा श्रोत नक्साङ्कनसहितको पालिकाको प्रोफाइल तयार गर्नुपर्ने व्यवस्था छ । पालिकाले स्थानीय तथ्याङ्क सम्बन्धी नीति, कानून र सोको मापदण्ड बनाएको तथा स्रोत नक्साङ्कन गरेको देखिएन । स्थानीय तहका प्राथमिकीकरणका क्रियाकलाप सञ्चालनमा तथ्याङ्कले महत्वपूर्ण भुमिका खेल्ने हुँदा सोको सङ्कलन र अभिलेख राख्ने कार्य गर्नुपर्दछ ।

२३ **अवण्डा वजेट**

स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ११ को उपदफा २ (ठ) अनुसार स्थानीय स्तरका योजना, कार्यक्रम र वजेटको स्वीकृति सम्बन्धी कार्य गाँउ सभाले गर्ने उल्लेख छ । गाँउसभाले बाँडफाँट र तयार गर्ने वजेट शिर्षकगत र योजनागत रुपमा स्पष्ट गरेर राख्नु पर्दछ । यस पालिकाले यो वर्ष वजेट निर्माणको रातो पुस्तिका तयार गर्दा योजना स्पष्ट नगरी देहाय अनुसार रु.३ करोड १७ लाख २७ हजार को एकमुष्ट बजेट रुपमा गरेको छ । यसरी अवण्डागत रुपमा शिर्षक नछुटाई बजेट कायम गर्दा कार्यक्रमको पारदर्शीता नहुने भएकोले बजेट प्रणालीलाई जनउत्तरदायी बनाउदै शिर्षकगत रकम सीमा तय गरि बजेट तर्जूमा गर्ने प्रणाली अवलम्वन गर्नुपर्दछ ।

| शिर्षक | वजेट अवण्डा |
|---|---|
| वडा नं २ का साना ठुला योजना | ११००००० |
| वडा नं ३ का साना ठुला योजना | ७५०००० |
| वडा नं ४ का साना ठुला योजना | ९००००० |
| वडा नं ५ का साना ठुला योजना | ९५०००० |
| भुक्तानी बाँकी योजनाको दायित्व ( २०७९ / ८० ) को नखुलेको | २२४२७००० |
| परामर्श सेवा DPR लगायत ( शिर्षक नखुलेको ) | ५६००००० |
| **जम्मा** | **३१७२७०००** |

२४ **गत आ.व.को भुक्तानी**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को दफा ९ मा बहुवर्षीय खरिद र विशेष परिस्थितिबाट सृजित दायित्वमध्ये आगामी वर्ष भुक्तानी गर्नुपर्ने बाँकी रकम समावेश गरेर बजेट बनाउने व्यवस्था छ । पालिकाले गत वर्षको भुक्तानी दिन बाँकीको खाता तथा कच्चावारी (म.ले.प.फा.नं. २२१) प्रमाणित तथा यस वर्षको बजेटमा समेत गत वर्षको भुक्तानी दिन बाँकीको व्यवस्था नगरी रु.४,१०,३१५।- भुक्तानी दिएको छ। तसर्थ यस्तो भुक्तानी नियमसम्मत नदेखिएको रु.

| क्र.स. | भौ.नं. र मिति | शिर्षक | भुक्तानी रकम |
|---|---|---|---|
| १ | २८।२०८०। ०६।१० | गत आ.व.को भुक्तानी वापत खर्च लेख्दा आन्तरिक लेखापरीक्षण र सार्वजनिक लेखा समितिले प्रमाणित गरेको आधारमा समान पेश गरि अनुमोदन र स्वीकृत वापत गर्नुपर्नेमा गत आ.व.को भुक्तानी थिङ्गाला होटललाई खर्च भुक्तानी लेख्दा शिर्षक फरक पारी वित्तिय समानीकरण पुँजीगत वाट दिएको, आन्तरिक लेखापरिक्षण र सार्वजनिक लेखा समितिले खर्च सकिने गरी सभामा पेश नगरेको स्थितिमा खर्च नलेखेकाले नियमित नभएको | ६४४९५ |
| २ | २८। २०८०/०६/१० | प्रमुख प्रशासकिय भवन कार्यालय निर्माण वजेट शिर्षकमा सुनापति गा.पा. र प्रहरी चौकीमा खानेपानी योजना कार्यान्वयन | २९८८२० |
| ३ | ७८। २०८०/०९/२६ | आ.व. २०७९/८० को बाँकी योजनाको भुक्तानी खानाखाजा वापतको | ४७००० |
| **जम्माः** | | | **४१०३१५** |

| अनियमित भएको | ४,१०,३१५ |
|---|---|

२५ **जिन्सी निरीक्षण**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ९९ मा सोही नियमावलीको नियम ९४, ९५ र ९६ बमोजिम जिन्सी मालसामानको लगत खडा गरी राख्नुपर्ने, सोको निरीक्षण गरी प्रतिवेदन तयार गर्नुपर्ने, प्रतिवेदनमा उल्लेखित सामान मध्ये मर्मत गर्नुपर्ने सामान ३ महिना भित्र र लिलाम गर्नुपर्ने सामान ६ महिना भित्र लिलाम गरी सक्नुपर्ने व्यवस्था छ । पालिकाले पेश गरेको जिन्सी निरीक्षण प्रतिवेदन अनुसार १ वटा मोटरसाईकल, १ वटा सोलार ब्याकअप, ८ वटा डेस्कटप कम्प्यूटर, १ वटा फ्रिज, ९ वटा प्रिन्टर लगायतका सामानहरु मर्मत तथा लिलाम बिक्री गर्नुपर्ने उल्लेख गरेको छ । नियमावलीको व्यवस्था अनुसार ति सामानहरुको मर्मत संभार तथा लिलाम बिक्री गरी जिन्सी व्यवस्थापन गर्नुपर्दछ ।

२६ **पाम्समा दाखिला**

आर्थिक कार्यविधि तथा वित्तिय अत्तरदायित्व नियमावली, २०६४ को नियम ९५ मा हस्तान्तरण वा खरिद जुनसुकै प्रकारबाट दाखिला भै आएका जिन्सी मालसामानहरुको सार्वजिनिक सम्पत्ति व्यवस्थापन प्रणाली (PAMS) मा दाखिला गरी खर्च गर्नुपर्ने व्यवस्था रहेकोमा निम्नानुसारको भौ.न./मितिमा विभिन्न शिर्षकमा रु.२७,६७,३१६।- खर्च लेखेकोमा PAMS मा प्रविष्ट नगरेकोले प्रमाण पेश गर्नुपर्ने रु.

| **भौ.न. र मिति** | **सामान** | **रकम** |
|---|---|---|
| ४०।२०८०/०६/१९ | स्वास्थ्य चौकी सामान, वेट मेशिन , ग्लुकोमिटर , इम्प्लान्ट सेट ( १८ वटा सामान ) | ४९०००० |
| ५९।२०८०/०९/१३ | ह्विदम कम्प्यूटर सप्लायर्स डेस्कटप कम्प्युटर गत आ.व.को स्वास्थ्य शिविर सञ्चालन | १५७००० |
| ७२।२०८०/०९/१८ | गुप्तेश्वर प्रा.वि. कार्यालय व्यवस्थापन तथा फर्निचर खरिद, टेवल , डेस्क , बेन्च | ३००००० |
| | - बाल मा.वि.भिरकोट | ५००००० |
| | - पशुपती मा.वि.विद्यालय | २५०००० |
| १२५।२०८०/११/२० | वडा नम्वर ४ कार्यालय व्यवस्थापन Speaker, ups लगायतका सामान | ७२००० |
| १३७।२०८०/१/२० | वडा नम्वर २ वडा कार्यालय व्यवस्थापन ( टेवल , कुर्सी लगायत ) | ८२०००० |
| १४०।२०८०/१२/२१ | दिल्ली आ.वि. व्यवस्थापन ( कम्प्यूटर र प्रिन्टर ,ups ) | ७८३१६ |
| १४५।२०८०/१२/२२ | नागरिक आयोग्य केन्द्र व्यवस्थापन (B.P. सेट , कुर्सी , लगायत | १००००० |
| **जम्माः** | | **२७६७३१६** |

| | |
|---|---|
| प्रमाण पेश नगरेको | २७,६७,३१६ |

२७ **सार्वजनिक परीक्षण**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८ वमोजिम स्थानीय तहले सार्वजनिक सेवा प्रवाहलाई प्रभावकारी, दिगो र भरपर्दो बनाउन कार्यक्रमको सामाजिक परीक्षण अन्तर्गत सार्वजनिक परीक्षण र सार्वजनिक सुनुवाई गर्नुपर्ने व्यवस्था बमोजिमको कार्य भएको पाइएन । तोकिए बमोजिम सार्वजनिक परीक्षण गरी पालिकाबाट हुने आर्थिक कारोबारमा जवाफदेहीता र पारदर्शीताको प्रवर्द्धन गर्नु पर्दछ ।

२८ **बजेट तथा कार्यक्रम तर्जुमा**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६७(१) मा ४ सदस्यीय बजेट तथा कार्यक्रम तर्जुमा समिति गठन गरी आगामी वर्षको नीति तथा कार्यक्रम, बजेट तथा कार्यक्रम, कार्यक्रमको प्राथमिकीकरण, विषय क्षेत्रगत कार्यक्रम, योजना तथा कार्यक्रममा दोहोरोपना हुन नदिई आपसी तादाम्यता तथा परिपूरकता कायम गर्नुपर्ने व्यवस्था अनुसार समिति गठन गरेको भएता पनि आगामी आर्थिक वर्षको नीति तथा कार्यक्रम, कार्यक्रमको प्राथमिकीकरण, कार्यक्रमबीच परिपूरकता कायम गरेको समेत नदेखिएकाले बजेट तर्जुमा गर्दा ऐनमा भएको व्यवस्थाको परिपालनामा ध्यान दिनुपर्दछ ।

२९ **आर्थिक सहायता**

पालिकाले स्पष्ट मापदण्ड र कार्यविधि तर्जुमा गरी तथा बजेट विनियोजन गरेर मात्र आर्थिक सहायता वितरण गर्नुपर्दछ । पालिकाले मापदण्ड र कार्यविधि तयार नगरी विभिन्न संघसंस्था र व्यक्तिहरुलाई रु.२५,००,०००।- आर्थिक सहायता वितरण गरेको छ । उक्त रकम पालिकाको कुल आन्तरिक आय रु.४९,९९,१८१।९० को ५०.०१ प्रतिशत हुन आउँछ । निश्चित विधि र मापदण्ड बेगर आर्थिक सहायता वितरण गर्ने प्रक्रियामा नियन्त्रण हुनु पर्दछ ।

३० **तलवी प्रतिवेदन**

निजामती सेवा ऐन २०४९, स्वास्थ्य सेवा ऐन, २०५३ तथा स्थानीय सरकार सञ्चालन ऐन, २०७४ मा तलवी प्रतिवेदन पारित गराएर मात्र तलब खर्च लेख्नु पर्ने उल्लेख छ । पालिकाले यो वर्ष तलवी प्रतिवेदन पारित नगराई सङ्घीय सरकारबाट हस्तान्तरित चालु अन्तर्गत स्वास्थ्य तर्फ ३ कर्मचारीको रु.१३,६६,८०७।- र पालिकातर्फ ९ जना कर्मचारीको रु.४६,०८,४६१।- समेत रु.५९,७५,२६८।- खर्च लेखेको छ । तलबी प्रतिवेदन पारित नगरी खर्च लेखेकोले तलब भत्ता तथा ग्रेड यकिन गर्न सकिएन । तलबी प्रतिवेदन पारित गराएर तलब भत्ता भुक्तानी गर्नुपर्दछ ।

### ३१ प्रशासकीय संगठन र जनशक्ति व्यवस्थापन

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३ बमोजिम स्थानीय तहको कार्यबोझ, राजस्व क्षमता, खर्चको आकार र स्थानीय आवश्यकता समेतलाई ध्यानमा राखी कर्मचारी समायोजन भएपछि मात्र संगठन तथा व्यवस्थापन सर्वेक्षणका आधारमा स्थानीय तहमा संगठन संरचना कायम हुने व्यवस्था छ । पालिकामा प्रमुख प्रशासकीय अधिकृत, वडा कार्यालय, वडा स्वास्थ्य चौकी, अस्पताल सहित ९६ जना दरबन्दी स्वीकृत रहेकोमा लेखापरीक्षण अवधि सम्म प्रमुख प्रशाकीय अधिकृत सहित ७४ जना पदपूर्ती भएको देखिन्छ । लेखापरीक्षणको क्रममा प्राप्त विवरण अनुसार कार्य व्यवस्थापनका दृष्टिकोणले महत्वपूर्ण मानिएका लेखा अधिकृत, प्रशासन सहायक, कम्प्युटर अपरेटर, प्राविधिक सहायक, सव-इन्जिनियर सहित २२ पदहरु रिक्त रहेका छन् । दरबन्दी बमोजिम जनशक्तिको पूर्णता नहुँदा विषयगत कार्यक्रम सञ्चालन, सेवा प्रवाह तथा पालिकाको समग्र कार्य सम्पादनमा असर परेको स्थिति छ । तसर्थ रिक्त पदहरु यथाशक्य छिटो पूर्ति गरी सेवा प्रवाह प्रभावकारी बनाउनुपर्दछ ।

### ३२ सवारी साधन खरिद

अर्थ मन्त्रालयको स्थानीय तहमा बजेट तर्जुमा कार्यान्वियन आर्थिक व्यवस्थापन तथा सम्पती हस्तान्तरण सम्बन्धी निर्देशिका, २०७४ को निर्देशन नं. ५.१५ अनुसार नेपाल सरकारबाट उपलब्ध गराइएको बजेट तथा स्रोत साधनबाट कार्यालयको नियमित प्रयोजनको लागि सवारी साधन खरिद गर्न नपाईने व्यवस्था छ । लेखापरीक्षणको क्रममा प्राप्त विवरण अनुसार पालिकाले २ वटा स्कुटर खरिद गरी रु.५ लाख ५५ हजार ५७४ खर्च गरेको छन् ।

### ३३ सहकारी नियमन

सहकारी ऐन, २०७४ को दफा ७३ अनुसार मासिक, चौमासिक, वार्षिक प्रतिवेदन बुझाउनु पर्ने र सहकारी नियमावली, २०७५ को नियम २८(४), सहकारी संस्थाहरूको सुपरीवेक्षण, निरीक्षण तथा अनुगमन निर्देशिका, २०७८ को दफा ३ मा मासिक प्रतिवेदन प्रत्येक महिना ७ गते भित्र एकीकृत सूचना व्यवस्थापन प्रणाली (COPOMIS) मा दाखिला गर्नुपर्ने व्यवस्था छ । पालिकाले उपलव्ध गराएको विवरण अनुसार पालिका भित्र रहेका ४५ वटा सहकारी संस्थाहरुमध्ये २३ वटा सहकारी संस्था मात्र एकिकृत सुचना व्यवस्थापन प्रणालीमा आबद्ध रहेका छन् । पालिका भित्रका २२ वटा सहकारी संस्थाहरुले एकीकृत सूचना व्यवस्थापन प्रणाली (COPOMIS) मा विवरण दाखिला गरेको पाइएन । त्यसैगरी पालिकाबाट अनुगमन निरीक्षण गरी तयार गरिएको प्रतिवेदन समेत लेखापरीक्षणका क्रममा पेश भएन । जसले गर्दा सहकारीको सञ्चालन अवस्था बारे अध्ययन गर्न सकिएन । तसर्थ ऐन, नियमावली र निर्देशिका अनुसार प्रणालीमा विवरण दाखिला गर्न लगाई सोको प्रभावकारी अनुगमन गर्नुपर्दछ ।

### ३४ कानून र सञ्चालन स्थिति

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ अनुसार स्थानीय तहहरुले आफ्नो अधिकारक्षेत्र भित्रका विषयमा ऐन तथा सोको अधिनमा रही नियम निर्देशिका, कार्यविधि र मापदण्ड बनाई कार्यान्वियनमा ल्याउन सक्ने व्यवस्था छ । जसअनुसार स्थानीय तह सञ्चालनको लागि संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयबाट ४४ वटा नमूना कानूनहरु बनाई उपलब्ध गराएकोमा यस पालिकाले हालसम्म २ वटा ऐन, र ४ वटा कार्यविधि गरी ६ वटा कानुन निर्माण गरी कार्यान्यिनमा ल्याएको छ । उपलब्ध नमुना कानुनको तुलनामा १३ प्रतिशत मात्रै कानुन बनाएको छ । कानुन बन्न नसकेको विषयमा कारण खुलाएको छैन ।

### ३५ न्यायिक समिति

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ४६ देखि ५३ सम्म न्यायिक समितिको अधिकार क्षेत्र तथा न्याय सम्पादन प्रक्रियाको व्यवस्था गरेको छ । समितिमा परेको उजुरीमध्ये मेलमिलाप प्रकृतिका आधारमा विवाद दर्ता भएको ३ महिनाभित्र टुङ्गो लगाउने व्यवस्था छ । तर लेखापरीक्षणको क्रममा प्राप्त विवरण अनुसार गतबर्ष फछ्यौंट वा कारबाही किनारा गरी टुङ्गो लगाउन बाँकी २ र यो बर्ष

थप भएको ८ गरी कुल १० विवाद दर्ता भएकोमा सबै फर्स्यौट भएको छ । पालिकाको न्यायिक समितिको कार्य व्यवस्थापन गर्न इजलासको व्यवस्था र सो अनुरुप सेवाग्राही बस्ने उपयुक्त प्रबन्धको अभाव भएको पाइयो । इजलासको उपयुक्त व्यवस्थापन हुनुपर्दछ ।

३६ **नियम बिपरित खर्च**

अर्थ मन्त्रालयको कार्य सञ्चालन निर्देशिका, २०७७ को परिच्छेद ७ बुँदा नं. ७.११ मा उल्लिखित बैठक भत्ताको मापदण्ड अनुसार एउटै निकाय र अन्तर्गतका पदाधिकारी कर्मचारी मात्र बस्ने बैठकमा भत्ता प्रदान नगर्ने, कानून बमोजिम गठन भएका समितिका बैठकका लागि मात्र भत्ता प्रदान गर्ने व्यवस्था छ । उल्लेखीत व्यवस्थाको विपरीत कार्यालयका कर्मचारीहरुको मात्र सहभागीतामा विभिन्न समिति तथा उपसमितिको बैठक बसे वापतको खर्च लेखेको देखियो । पालिकाले भौ.न. ५५०।२०८१।०३।१३ र भौ.न. ५६३।२०८१।०३।१३ बाट निम्नानुसार कर्मचारीहरुलाई विभिन्न ठेक्काको बोलपत्र आव्हान र पूर्व बैठक बापत रु.८,५००।- भुक्तानी गरेकोले निर्देशिका विपरितको रकम असूल गर्नुपर्ने रु.

| **क्र.स.** | **नाम** | **बैठक संख्या** | **रकम** |
|---|---|---|---|
| १ | देबेन्द्र सुवेदी | ४ | ३४०० |
| २ | दिल कृष्ण श्रेष्ठ | ४ | ३४०० |
| ३ | सानोबाबु श्रेष्ठ | २ | १७०० |
| **जम्माः** | | | ८५०० |

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-१२-१९** को निर्णयले रू **५,९५०** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-१२-२०** को निर्णयले रू **६,८००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-१२-२०** को निर्णयले रू **६,८००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-१२-२०** को निर्णयले रू **२,५५०** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-१२-२०** को निर्णयले रू **५,१००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-१२-२०** को निर्णयले रू **१,७००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-१२-२०** को निर्णयले रू **१,७००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-१२-२०** को निर्णयले रू **५,१००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-१२-२०** को निर्णयले रू **१,७००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फस्र्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-१२-२०** को निर्णयले रू **४,२५०** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फस्र्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-१२-२०** को निर्णयले रू **१,७००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फस्र्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-१२-२०** को निर्णयले रू **१,७००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

| | |
|---|---|
| असुल गर्नुपर्ने | ८,५०० |

३७ **कार्यपालिका वैठक भत्ता**

( ✂ ..... कार्यालयले बेरुजु फस्र्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-१२-२०** को निर्णयले रू **१,७००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फस्र्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-१२-२०** को निर्णयले रू **१,७००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फस्र्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-१२-२०** को निर्णयले रू **१,७००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फस्र्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-१२-२०** को निर्णयले रू **१,७००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फस्र्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-१२-२०** को निर्णयले रू **५,९५०** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फस्र्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-१२-२०** को निर्णयले रू **५,९५०** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फस्र्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-१२-२०** को निर्णयले रू **६,८००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फस्र्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-१२-२०** को निर्णयले रू **७,६५०** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फस्र्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-१२-२०** को निर्णयले रू **५,९५०** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फस्र्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-१२-२०** को निर्णयले रू **५,९५०** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

| | |
|---|---|
| असुल गर्नुपर्ने | ० |

३८ **बैठक भत्ता**

अर्थ मन्त्रालयको कार्य सञ्चालन निर्देशिका, २०७७ को परिच्छेद ७ बुँदा नं. ७.११ मा उल्लिखित बैठक भत्ताको मापदण्ड अनुसार एउटै निकाय र अन्तर्गतका पदाधिकारी कर्मचारी मात्र बस्ने बैठकमा भत्ता प्रदान नगर्ने, कानून बमोजिम गठन भएका समितिका बैठकका लागि मात्र भत्ता प्रदान गर्ने व्यवस्था छ । उल्लेखीत व्यवस्थाको विपरीत कार्यालयका कर्मचारीहरुको मात्र सहभागितामा विभिन्न समिति तथा

उपसमितिको बैठक बसे वापतको खर्च लेखेको देखियो । पालिकाले भौ.न. ५५०।२०८१।०३।१३ बाट निम्नानुसार कर्मचारीलाई योजना तथा पूर्वाधार शाखा बैठक बसी रु.४,२५०।- भत्ता भुक्तानी गरेकोले असुल गर्नुपर्ने रु.

| क्र.स. | नाम | बैठक संख्या | रकम |
|---|---|---|---|
| १ | सानोबाबु श्रेष्ठ | ५ | ४२५० |

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-१२-२०** को निर्णयले रू **४,२५०** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-१२-२०** को निर्णयले रू **३,४००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-१२-२०** को निर्णयले रू **४,२५०** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-१२-२०** को निर्णयले रू **८५०** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-१२-२०** को निर्णयले रू **४,२५०** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-१२-२०** को निर्णयले रू **४,२५०** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-१२-२०** को निर्णयले रू **८५०** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-१२-२०** को निर्णयले रू **४,२५०** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-१२-२०** को निर्णयले रू **४,२५०** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-१२-२०** को निर्णयले रू **४,३००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

| | |
|---|---|
| असुल गर्नुपर्ने | ४,२५० |

३९ **एकै बिषयमा धेरै पटक भत्ता**

बागमती प्रदेश स्थानीय तहका पदाधिकारी तथा सदस्यको सुविधा सम्बन्धि ऐन, २०७५ लाई संशोधन गर्न बनेको ऐन, २०७७ को दफा ४ मा सभाका सदस्यले कुनै एक विषयको बैठक जतिसुकै संख्या वा दिनमा बसेको भएतापनि एउटा बैठक बराबरको मात्र बैठक भत्ता पाउने व्यवस्था छ । पालिकाले गो.भौ.न. ५७४ को मिति २०८१।०३।१७ मा गाउँसभा अधिवेशनको सम्बन्धमा विभिन्न मितिमा एकै विषयको बैठक बसी बैठक भत्ता बुझिलिएकाले बैठक भत्ता बापतको रकम असुल गर्नुपर्ने रु..

| क्र.स. | नाम | बैठक संख्या | रकम |
|---|---|---|---|
| १ | पदम बहादुर थापा | २ | १७०० |
| २ | कुल बहादुर थिङ | २ | १७०० |
| ३ | डन्डुप लामा | २ | १७०० |
| ४ | चित्र बहादुर महर्जन | २ | १७०० |
| ५ | रीता कामी धमला | २ | १७०० |
| ६ | अविना लामा | २ | १७०० |
| ७ | हरि माया श्रेष्ठ | २ | १७०० |
| ८ | मिन कुमार खाती | २ | १७०० |
| ९ | भीम प्रसाद चौँलागाई | १ | ८५० |
| १० | कुमारी कामी | १ | ८५० |
| ११ | टेक बहादुर श्रेष्ठ | १ | ८५० |
| १२ | कमला जैरु | १ | ८५० |
| १३ | निसान लामा | २ | १७०० |
| १४ | मैया वि.क. | २ | १७०० |
| १५ | रामहरी जर्गा | २ | १७०० |
| १६ | कमला वि.क. सुनार | १ | ८५० |
| **जम्मा** | | | **२२९५०** |

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-१२-२०** को निर्णयले रू **८५०** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-१२-२०** को निर्णयले रू **१,७००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-१२-२०** को निर्णयले रू **१,७००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

| | |
|---|---|
| असुल गर्नुपर्ने | २२,९५० |

४० **सहभागी हिस्सा संलग्न नभएको**

गरिवी निवारणको लागि लघु उद्यम कार्यक्रम निर्देशिका, २०७७ को दफा दफा ४१(२) मा प्रविधि हस्तान्तरण गर्दा प्रविधिको कुल लागतको कम्तिमा २० प्रतिशत रकम स्वयं उद्यमीले ब्यहोर्नुपर्ने उल्लेख छ । आन्तरिक स्रोतबाट संचालन गर्ने कार्यक्रममा पनि प्रविधि हस्तान्तरण सम्बन्धमा कार्यविधी बनाउनुपर्ने र सोही अनुसार कार्यक्रम संचालन गर्नुपर्ने देखिन्छ । पालिकाद्धारा संचालित आन्तरिक चालूतर्फ तालिममा सहभागीलाई वितरण सामान खरिद बापत खर्च लेखेकोमा सहभागीको २० प्रतिशत हिस्सा संकलन नगरी भुक्तानी गरेको छ । प्रविधि हस्तान्तरणको सम्बन्धमा स्पष्ट कार्यविधी बनाउनुपर्ने र मेड्पा कार्यक्रम संचालनसंग सामन्जस्यता गराई यस्तो

कार्यक्रम सञ्चालन गर्नुपर्ने देखिन्छ । पालिकाले कार्यविधी तर्जुमा नगरी भौ.न. ६४५।२०८१।०३।२३ बाट ५ नं. वडामा गलैंचा तालिम संचालन गरी १५ थान गलैचा तान वितरण गरेकोमा सहभागीबाट २० प्रतिशत रु.९९,४६२।- संकलन नगरी पालिकालाई बढी व्ययभार पारेको रु.

| | |
|---|---|
| अनियमित भएको | ९९,४६२ |

४१ **बिल भरपाई**

आर्थिक कार्यविधी तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९(१०) मा जिम्मेवार व्यक्तिले सरकारी रकमको खर्च लेखु अघि त्यस्तो रकम खर्च गर्न वा भुक्तानी दिन आवश्यक बिल भरपाई र कागजात संलग्न भए वा नभएको तथा संलग्न कागजात अनुसार भुक्तानी दिन रीत पुगे वा नपुगेको जाँच गर्नुपर्ने व्यवस्था छ । पालिकाले भौ.न. ५६३।२०८१।०३।१३ बाट बैठक भत्ता वापत रु.१,०६,२५०।- पेश्की फर्स्यौट गरेकोमा रु.१,०१,१५०।- को बिल भरपाई पेश भएकोले नपुग रु.५,१००।- असूल गर्नुपर्ने रु.

| | |
|---|---|
| असुल गर्नुपर्ने | ५,१०० |

४२ **वितरण भरपाई**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९(१०) मा जिम्मेवार व्यक्तिले सरकारी रकमको खर्च लेख्नु अघि त्यस्तो रकम खर्च गर्न वा भुक्तानी दिन आवश्यक बिल भरपाई र कागजात संलग्न भए वा नभएको तथा संलग्न कागजात अनुसार भुक्तानी दिन रीत पुगे वा नपुगेको जाँच गर्नुपर्ने व्यवस्था छ । पालिकाले भौ.न. २४।२०८१।०३।१२ बाट अपाङ्गता भएका व्यक्तिहरुका लागि समुदायमा आधारित पुनस्थापना कार्यक्रममा रु.२,८२,६६०।- मा खरिद गरिएका हुइल चियर लगायतका सामाग्रीहरुको वितरण भरपाई नभएकोले सो पेश गर्नुपर्ने रु.

| | |
|---|---|
| प्रमाण पेश नगरेको | २,८२,६६० |

४३ **नपुग कर**

आयकर ऐन, २०५८ को दफा ८८ मा सेवा कार्य गरेवापत भुक्तानी गर्दा भुक्तानी रकमको १५ प्रतिशतका दरले कर कट्टी गर्नुपर्ने व्यवस्था छ । पालिकाले भौ.नं. १७७।०८१।३।५ बाट युवा क्लब गठन तथा नमुना सांसद अभ्यास कार्यक्रम संचालन गरी अग्रसर समाज नेपाललाई रु.४,४०,४००।- भुक्तानी गरेकोमा रु.६६,०६०।- कर कट्टा गर्नुपर्नेमा रु.३०,६५५।- कट्टा गरेकोले नपुग रु.३५,४०५।- असुल गर्नुपर्ने रु.

| | |
|---|---|
| असुल गर्नुपर्ने | ३५,४०५ |

४४ **एकल पुरुष भत्ता**

स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा २४ मा स्थानीय तहले योजना तथा कार्यक्रम बनाउँदा आर्थिक विकास, उत्पादनमूलक, रोजगारी सृजना हुने, स्रोत साधन र सिपको उच्चतम सदुपयोग हुने र दिर्घकालिन प्रतिफल उपलब्धि हुने खालका योजना तथा कार्यक्रम बनाई लागु गर्नुपर्ने व्यवस्था छ । पालिकाले कार्यक्रम कार्यान्वयनमा वितरणमुखि कार्यक्रमलाई प्राथमिकता निर्धारण गरी सुनापति गाउँपालिका एकल पुरुष सामाजिक सुरक्षा भत्ता वितरण सम्बन्धि बनेको कार्यविधि २०७८, अनुसार सञ्चालन गरेको एकल पुरुष भत्ता कार्यक्रममा यस वर्ष रु.२८ लाख ३० हजार खर्च गरेको छ । निश्चित उमेर पुगे पछि संघीय सरकारद्वारा सामाजिक सुरक्षा भत्ताको व्यवस्था गरेकोमा पालिकाले एकल पुरुषको हकमा ५० वर्ष देखि र अविवाहित पुरुषको हकमा ६० वर्ष माथि साथै कार्यविधि संशोधन नगरीकन बिवाह नगरेको महिला ५० वर्ष माथिका उमेर समूहका श्रम गर्न योग्य जनशक्तिलाई मासिक रु.१,०००।- का दरमा भत्ता वितरण गर्ने कार्यले थप व्ययभार परेको छ । तसर्थ पालिकाले सरकारी रकमको खर्चमा मितव्ययीता र औचित्यको आधारमा दिर्घकालिन पूजीवृद्धि गर्ने कार्यक्रमको तर्जुमा गरी कार्यान्वयन गर्नेतर्फ ध्यान दिनुपर्दछ ।

४५ **जिन्सी दाखिला**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को दफा २८(१) मा जिम्मेवार व्यक्तिले आफ्नो जिम्मामा आएको जिन्सी मालसामान सात दिनभित्र यथास्थानमा दाखिला गरी स्रेस्ता खडा गर्नुपर्ने उल्लेख छ । त्यसैगरी आर्थिक कार्यविधि तथा वित्तीय

उत्तरदायित्व नियमावली, २०७७ को नियम ९५(१) मा कार्यालय प्रमुखले आफ्नो कार्यालयमा रहेको र खरिद गरी वा नगरी वा अन्य कुनै प्रकारबाट प्राप्त हुन आएको सम्पत्ती वा जिन्सी मालसामानको विवरण र मूल्य समेत खुलाई सम्पत्ती तथा जिन्सी किताबमा सात दिन भत्र आम्दानी बाँधी लगत अद्यावधिक गर्नु गराउनुपर्ने उल्लेख छ ।पालिकाले यो वर्ष भौ.नं ५३।८०।६।२४ Resika Trade Circle Pvt. Ltd. Dhading (PAN 609689705 ) बाट Oneplus Nord CE Lite Mobile २ थान खरीद गरेको रकम रु ९८९८८। र भौ.नं ६२।८०।६।२५ डाक्टर मोवाईल प्रा.लि.बाट Samsung Galaxy F545G Mobile खरीद गरेको रकम रु ४६४४०।गरी जम्मा रकम रु १४५४२८। को मोवाइल सेट खर्च भएर जाने शिर्षकमा पोष्टीङ्ग भएको देखिन्छ । खर्च भएर नजाने शिर्षकमा पोष्टिङ्ग भएको प्रमाण पेश गर्नुपर्ने रु.

| | |
|---|---|
| प्रमाण पेश नगरेको | १,४५,४२८ |

## ४६ तालिम अनुगमन

स्थानीय तहका पदाधिकारी तथा सदस्यको सुविधा सम्बन्धी ऐन, २०७५ (पहिलो संशोधन) को दफा ३(क) मा पदाधिकारीहरुले पाउने सुविधा सम्बन्धी व्यवस्था गरेको छ । सो ऐनमा गोष्ठि, तालिम तथा कार्यक्रममा अनुगमन गरेवापत भत्ता पाउने उल्लेख गरेको देखिदैन । कार्य संचालन निर्देशिका, २०७७ मा तालिम, कार्यक्रम तथा गोष्ठी संचालन गर्दा अनुगमन गरे वापत भत्ता पाउने उल्लेख गरेको छैन । पालिकाले निम्नानुसार कार्यक्रम संचालन गरी पदाधिकारी र कर्मचारीहरुलाई तालिम संचालनको अनुगमन गरेको भनी भ्रमण भत्ता रु.२७,१००।- भुक्तानी गरेकोले ऐन तथा निर्देशिका विपरितको रकम असुल हुनुपर्ने रु.

| **भौ.नं.** | **पदाधिकारी तथा कर्मचारीको नाम** | **कार्यक्रमको नाम** | **रकम** |
|---|---|---|---|
| १०७। ०८०। ११।२७ | प्र.प्र.अ. देवेन्द्र सुवेदी | साबुन बनाउने, गलैचा तथा सिलाई कटाई तालिम | ९३५० |
| | उ.वि.स. विष्णु नेपाली | | ९३५० |
| ११६। ०८०। ११।२६ | देवेन्द्र सुवेदी | दादुरा रुवेला खोप अभियान कार्यक्रम संचालन क्रममा पालिका जनप्रतिनिधि कर्मचारीद्धारा वडा खोप समन्वय समिति तथा सरोकारवालाहरुको अभुखिकरण कार्यक्रममा अनुगमन तथा सहजीकरण | ८४०० |
| **जम्माः** | | | **२७१००** |

( ✂ ..... कार्यालयले बेरुजु फस्र्योट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-१२-२०** को निर्णयले रू **९,३५०** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फस्र्योट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-१२-२०** को निर्णयले रू **९,३५०** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फस्र्योट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-१२-२०** को निर्णयले रू **९,३५०** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फस्र्योट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-१२-२०** को निर्णयले रू **९,३५०** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फस्र्योट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-१२-२०** को निर्णयले रू **८,४००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-१२-२०** को निर्णयले रू **६,३००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-१२-२०** को निर्णयले रू **५,१००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-१२-२०** को निर्णयले रू **३,९००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

| | |
|---|---|
| असुल गर्नुपर्ने | २७,१०० |

४७ **बढी भुक्तानी**

भ्रमण खर्च नियमावली, २०६४ को नियम ९ मा कुनै कर्मचारी सरुवा वढुवा वा नयाँ नियुक्ती भै जाँदा दैनिक भत्ता तथा भ्रमण खर्च पाउने व्यवस्था छ । पालिकाले भौ.नं. ३१९।२०८०।११।२७ बाट प्रमुख प्रशासकिय अधिकृत देवेन्द्र सुबेदी सुनापति गाउँपालिका, रामेछाप देखि स्वास्थ्य मन्त्रालय, काठमाण्डौमा सरुवा भई गएकोमा पारिवारिक सरुवा भ्रमण खर्च रु.४५,६००।- भुक्तानी देखिन्छ । निजले पाउने २ दिनको पारिवारिक भ्रमण खर्च रु.२०,०००।- भुक्तानी गर्नुपर्नेमा रु.४५,६००।- भुक्तानी गरेकोले रु.२५,६००।- बढी भुक्तानी भएको रकम असुल गर्नुपर्ने रु.

| | |
|---|---|
| असुल गर्नुपर्ने | २५,६०० |

४८ **भ्रमण अवधिमा बैठक भत्ता**

भ्रमण खर्च नियमावली, २०६४ को नियम ७(११) बमोजिम सरकारी कामको सिलसिलामा भ्रमणमा रही दैनिक भ्रमण भत्ता उपयोग गर्ने पदाधिकारी वा कर्मचारीले दैनिक भत्ता उपयोग गरेको अवधिभर फिल्ड भत्ता, बैठक भत्ता, तालिम भत्ता, स्थानीय भत्ता वा अन्य कुनै किसिमको भत्ता पाउने छैन भन्ने उल्लेख छ । पालिकाले नियमावलीमा भएको व्यवस्था विपरीत निम्नानुसारका कर्मचारीहरुलाई बैठकमा उपस्थित भएको समयमा समेत रु.४,८००।- भ्रमण खर्च भुक्तानी गरेकोले सम्वन्धित कर्मचारी तथा पदाधिकारीबाट असूल गरी दाखिला गर्नुपर्ने रु.

| क्र.स. | भौ.न. र मिति | नाम | पद | रकम |
|---|---|---|---|---|
| १ | ५६८।२०८१।०३।१७ | पदम बहादुर थापा (२ नं वडा) | वडा अध्यक्ष | २४०० |
| २ | ५७६।२०८१।०३।१७ | चित्र बहादुर मानन्धर (५ नं वडा) | वडा अध्यक्ष | २४०० |
| जम्मा | | | | ४८०० |

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-१२-२०** को निर्णयले रू **२,४००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-१२-२०** को निर्णयले रू **१,६००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

| | |
|---|---|
| असुल गर्नुपर्ने | ४,८०० |

४९ **प्रोत्साहन भत्ता**

स्थानीय सेवा गठन तथा सञ्चालन ऐन, २०७९ को दफा ६९(४) अनुसार कर्मचारीलाई कार्य सम्पादनमा आधारित प्रोत्साहन भत्ता प्रदान गर्नका लागि सम्बन्धित स्थानीय तहले आफ्नो आन्तरिक आय स्रोतबाट व्यर्होने गरी आवश्यक व्यवस्था गर्न सक्ने उल्लेख छ । पालिकाले कार्यरत कर्मचारीलाई कार्यबोझका आधारमा कार्यालय समय बाहेक अतिरिक्त काम गरे वापत ६ महिनाको लागि प्रशासकिय अधिकृतलाई मासिक तलवको ३० प्रतिशत, लेखा शाखा प्राविधिक कर्मचारी, सुचना प्रविधि शाखाका कर्मचारीलाई एकमुष्ट मासिक

तलवको २५ प्रतिशतले यस वर्ष गो भौ नं २३३।८०।१०।११ बाट रु २५९०६० प्रोत्साहन भत्ता भुक्तानी गरेको छ । यसरी भुक्तानी गर्दा कार्यसम्पादनलाई आधार नमानी एकै दरमा सबै कर्मचारीलाई तलबको प्रतिशतका आधारमा भुक्तानी गरिएकोले सो को लागि निश्चित सूचक निर्माण गरी सोही आधारमा भुक्तानी गर्नु उपयुक्त हुने देखिन्छ ।

५० **प्रशिक्षक भत्ता**

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-१२-२०** को निर्णयले रू **१८,५८०** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

| | |
|---|---|
| असुल गर्नुपर्ने | ० |

५१ **करार कर्मचारी**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३(८) मा पालिकाले नगर प्रहरी, सवारी चालक, सयस, कार्यालय सहयोगी, प्लम्बर, ईलेक्ट्रिसियन, चौकिदार, मालि, बगैंचे र सरसफाई सम्बन्धी पद तथा सेवामा बाहेक अन्य पदमा करारमा नियुक्त गर्न नपाइने व्यवस्था छ । साथै स्थानीय सेवा गठन तथा सञ्चालन ऐन, २०७९ को दफा १६ मा स्थानीय सेवाका कर्मचारीले गर्नुपर्ने कामका लागि कुनै पनि व्यक्तिलाई ज्यालादारी वा करारमा नियुक्ति गर्न पाइने छैन भन्ने व्यवस्था छ । पालिकाले उल्लेखित पदहरुमा बाहेक सव-इन्जिनियर, असिष्टेन्ट सव-इन्जिनियर, अनमि, अहेव लगायत पदमा १० जना कर्मचारी करारमा नियुक्त गरी रु.३९,१८,०५७।- तलब भत्ता भुक्तानी गरेको छ । ऐनको व्यवस्था विपरीत कर्मचारी नियुक्त गर्ने कार्यमा नियन्त्रण हुनुपर्दछ ।

५२ **भर्पाइ बेगरको खर्च**

आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली, २०७७ को नियम (३९) को १० मा जिम्मेवार व्यक्तिले सरकारी रकमको खर्च लेख्नु अघि त्यस्तो रकम खर्च गर्न वा भुक्तानी दिन आवश्यक बिल, भरपाई र आवश्यक कागजात संलग्न भए नभएको तथा संलग्न कागजात भुक्तानी दिन रीत पुगे वा नपुगेको जाँच गर्नु पर्ने व्यवस्था रहेको छ। पालिकाको भौ नं ४००।२०८०।१।२४ बाट गाँउपालिकाको ५ वटै वडामा संचालित योजना तथा पूर्वाधार शाखाको आयोजनामा मिती २०८०।९।१-५ गतेसम्म संचालित उपभोक्ता समिती अभिमूखीकरण कार्यक्रम सानुबावु श्रेष्ठको पेश्की फर्स्यौटमा दैनिक भ्रमण भत्ता तथा उपस्थिती भत्ताको वितरण भरपाइ बेगर खर्च लेखेको छ । तसर्थ उक्त भरपाई वेगरको भत्ताको रकम ८२७५०। असूल गर्नु पर्ने रु

| | |
|---|---|
| असुल गर्नुपर्ने | ८२,७५० |

५३ **पदाधिकारी वैदेशिक भ्रमण**

संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयबाट जारी वैदेशिक भ्रमण निर्देशिका, २०७५ बमोजिम पदाधिकारी वा कर्मचारीले विदेश भ्रमण गर्नु पर्दा संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको स्विकृति लिएर मात्र वैदेशिक भ्रमणमा जाने व्यवस्था उल्लेख छ । पालिकाले निम्नानुसार पदाधिकारीलाई विभिन्न मितिमा मन्त्रालयको स्विकृति बेगर वैदेशिक भ्रमणमा गई जाँदा आँउदाको हवाई जहाजको टिकट वापतको रु.२,८५,५००।- भुक्तानी गरेकोले नियम विपरीतको खर्च रकम नियमित गरी प्रमाण पेश गर्नुपर्ने रु.

| **भौ.नं. र मिति** | **पदाधिकारीको नाम** | **भ्रमण देश** | **कार्यक्रमको नाम** | **रकम** |
|---|---|---|---|---|
| ७।२०८०।६।२ | अध्यक्ष श्री ठुलाकान्छा तामाङ्ग | दक्षिण कोरिया | Saemangeum World Scout Jamboree 2023 | १४५५०० |
| १४९।२०८०।९।५ | उपाध्यक्ष श्री गिता विष्ट | चिन | Symposium On China and South Asia in the New Era | १४०००० |
| **जम्मा** | | | | **२८५५००** |

| | |
|---|---|
| अनियमित भएको | २,८५,५०० |

५४ **पदाधिकारी सुविधा**

स्थानिय तहका पदाधिकारी तथा सदस्यको सुविधा सम्बन्धि ऐन, २०७५ लाई संशोधन गर्न बनेको ऐन २०७७ ले पालिकाको अध्यक्ष तथा उपाध्यक्षलाई अतिथि सत्कार वापत मासिक रुपमा क्रमश रु.९,०००।- र रु.५,०००।- का दरले भत्ता पाउने व्यवस्था रहेको छ । सुनापती गाँउपालिकाको कार्याविधि तथा कार्यसञ्चालन निर्देशिका अनुसार पालिकाको अध्यक्ष तथा उपाध्यक्षलाई क्रमश रु.१५,०००।- र रु.१०,०००।- का दरले मासिक रुपमा पौष महिनासम्म अथिति सत्कार वापत रु.१,५०,०००।- भुक्तानी दिएको देखिएको छ । यसरी नियम विपरीत भुक्तानी भएको रकम असुल गरी दाखिला गर्नुपर्ने रु.

| | |
|---|---|
| असुल गर्नुपर्ने | १,५०,००० |

५५ **विविध खर्च**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ बमोजिम व्ययको बजेट अनुमान आन्तरिक आयको परिधिभित्र रही औचित्यताको आधारमा विविध खर्च गर्नुपर्ने व्यवस्था छ । यस स्थानीय तहले यो वर्ष विविध शीर्षकबाट रू.२९ लाख ९७ हजार खाना खाजा लगायत विविध कार्यक्रममा खर्च गरेको छ । यस प्रकारको खर्च पालिका, विषयगत शाखा तथा वडाका विभिन्न कार्यक्रममा भएको पालिकाले जानकारी गराएको छ । यस्तो खर्चमा मितव्ययिता कायम गर्नुपर्दछ ।

५६ **कोटेशनबाट खरिद**

सार्वजनिक खरिद नियमावली,२०६४ को नियम ८(२) मा प्रतिस्पर्धालाई सिमित गर्ने गरी पटक पटक टुक्रा गराएर खरिद गर्न नहुने व्यवस्था छ । यस पालिका अन्तर्गत प्रमुख प्रशासकिय भवन मर्मत, निर्माण र व्यवस्थापन शिर्षकमा निम्नानुसार पटक पटक गरी रु.१,३७,८२,६५६।- को खरिद कार्य भएकोमा प्रतिस्पर्धा नगरी पटक पटक खरिद गरेकोले मितव्ययीतामा असर परेको रु

| भौ.न. र मिति | फर्मको नाम | रकम |
|---|---|---|
| ८७।२०८०/१०/०८ | शर्मा फर्निचर | ९९६५२६ |
| ८९।२०८०/१०/०८ | लक्ष्मी फर्निसिङ्ग एण्ड फर्निचर | ८०७३३४ |
| ६६।२०८०/०९/१३ | शुभश्री टेक्नोलोजी प्रा.ली. | ७६५२१३ |
| ९०।२०८०/१०/०८ | शिवान्स ड्रिलिङ्ग एण्ड कन्ट्रक्सन | ७०९५९६ |
| १०८।२०८०/१०/१९ | प्रशासकिय भवन कार्यालय व्यवस्थापन एन.वि.ट्रेक.ट्रेड | ६९५०५७.४४ |
| २३७।२०८१/०३/१७ | प्रशासकिय भवन एस.वि.मल्टि विजनेश | ८०१९२२१ |
| २४७।२०८१/०३/१८ | फर्निचर एण्ड फिक्चर्स-जेनिश कन्सडक्सन | ७९३७५७ |
| २४७।२०८१/०३/१९ | ब्रोटेक इन्टरप्राइजेज प्रा.ली. | ९९५९५२ |
| **जम्मा:** | | **१३७८२६५६** |

| | |
|---|---|
| अनियमित भएको | १,३७,८२,६५६ |

५७ **ठेक्का व्यवस्था**

सार्वजनिक खरिद ऐन, २०६३ को दफा ९ मा खुला रुपमा वोलपत्र आह्वान गरी खरिद गर्ने सम्वन्धी व्यवस्था छ । पालिकाले वोलपत्र मार्फत प्रतिस्पर्धि आपूर्तिकर्ता छनौट गरी वार्षिक कार्यक्रम अनुसारका योजना कार्यान्वयन गर्दै आएको छ । यस्ता योजना लागत अनुमान भन्दा ६.४२ देखि ४६.०५ प्रतिशत सम्म घटीमा गर्ने गरी कबोल भए अनुसार कार्यान्वयन गराएको पाइयो । पालिकाको स्वीकृत नर्म्सका आधारमा तयार भएको लागत अनुमान भन्दा धेरै घटीमा सोही गुणस्तरको कार्य गर्न कबोल गरी अधिकांश योजना निर्माण सम्पन्न गरी भुक्तानी फरफारक गरेको पाइयो । यस्ता योजनाको भुक्तानी गर्दा निर्माण सामग्री र निर्माण कार्यको गुणस्तर परीक्षण गरेको भएपनि न्यून लागतमा सोही गुणस्तरको कार्य भएको सम्वन्धमा नर्म्समा नै अधिक मूल्याङ्कन भएको हो वा गुणस्तरमा सम्झौता

गरी भुक्तानी फरफारक भएको हो सो सम्वन्धमा पालिकाको ध्यानाकर्षण हुनुपर्ने देखिन्छ । साथै निर्धारित गुणस्तरमा कार्य भएको प्रमाणित गरी भुक्तानी गरेका कार्य निर्धारित अवधि सम्म टिकाउ भए नभएको यकिन गर्ने प्रणाली सुदृढ गरी न्यून मुल्यमानै गुणस्तरीय कार्य हुने भएमा नर्म्स समेत सम्वन्धित निकायले पुनरावलोकन गर्नुपर्ने देखिन्छ। यस्ता केही योजनाको विवरण देहायमा उल्लेख छ । लागत अनुमानको तुलनामा उल्लेख्य प्रतिशत घटीमा गर्ने गरी कबोल तथा सम्झौता भएका केही योजनाको विवरण देहायमा उल्लेख छ ।

| **क्र.सं.** | **योजनाको नाम** | **स्वीकृत ल.ई. (भ्याट र कन्टिन्जेन्सी सहित)** | **ठेक्का नं.** | **ठेक्का स्वीकृत रकम(भ्याट र कन्टिन्जेन्सी सहित)** | **घटी प्रतिशत** |
|---|---|---|---|---|---|
| १. | वडा कार्यालय परिसर ब्यबस्थापन तथा सडक निर्माण सुनापति नं. ०२ | १५०९१३५५.९८ | SUN/W/NCB/०१/२०८०।८१ | ८१४२४६५.५७ | ४६.०५ |
| २. | पुर्णसिंङ्गको घर डांडा देखि सुनापति सम्म सडक | १००९३७२४.१५ | SUN/W/NCB/०२/२०८०।८१ | ५५१९४२८.८३ | ४५.३२ |
| ३. | गुन्सी चौर पोखरी धारो/मन्दिर/सडक/ पर्यावरण संरक्षण सुनापति ०१ | १५०६१७५५.६५ | SUN/W/NCB/०३/२०८०।८१ | ९७७५१४६.९१ | ३५.१० |
| ४. | खानीखोला पालिका लिफ्ट खानेपानी योजना | १०९०२७६१.७२ | SUN/W/NCB/०४/२०८०।८१ | ९१०९४१०.३९ | १६.४५ |
| ५. | Procurement Of Sunapati Hospital Fire Fighting System | ३५९१४४६.१० | SUN/W/NCB/०५/२०८०।८१ | २८०५३३७.२६ | २१.८९ |
| ६. | Agriculture Equipment Subsidy Program | २३०४०००.०० | SUN/G/NCB/०१/२०८०।८१ | २१५६०४०.०० | ६.४२ |
| ७. | Procurement of fabricated steel parts of trial bridge | ३३९३०४४.८५ | SUN/G/NCB/०२/२०८०।८१ | २७१९३६३.९८ | १९.८५ |
| ८. | कामा खोला चौरिखोला समुदायक खानेपानी योजना | ८२६९७६५.२६ | SUN/G/NCB/०३/२०८०।८१ | ६९९९०४७.०० | १५.३७ |

५८ **पेश्की बाँकी**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ५० मा पेश्की दिईएको रकम तोकिएको म्याद भित्र फर्स्यौट गर्नु गराउनु पेश्की लिने दिने दुवै थरिको कर्तव्य हुने उल्लेख छ । पालिकाले निम्नानुसार निर्माण व्यवसायी तथा संस्थालाई दिएको पेश्की आर्थिक वर्षको अन्त्यसम्म फर्स्यौट नभई रु.२०,६७,०००।- बाँकी रहेकोमा म्याद नाघेकोले नियमानुसार फर्स्यौट गर्नुपर्ने रु.

| भौ.नं. र मिति | पेश्कीको विवरण | पेश्की लिनेको नाम | म्याद नाघेको पेश्की |
|---|---|---|---|
| १६।२०८१/०१/२६ | बाबु आमाविहिन बालबालिका संरक्षण कार्यक्रम | लक्ष्मि थापा मगर | ७२००० |
| ५३७।२०८१/०३/११ | बजार अनुगमन तथा उपभोक्ता अन्तर्क्रिया | श्रीराम ढुङ्गाना | १५०००० |
| ५३८।२०८१/०३/११ | जनप्रतिनिधितथा कर्मचारी तालिम | श्रीराम ढुङ्गाना | १५०००० |
| ४७६।२०८०/०४/०१ | सामुदायिकस्वास्थ्य ईकाइ कार्यालय संचालन खर्च | स्वारा सामुदायिक स्वास्थ्य इकाइ | १००००० |
| २८।२०८०/०८/०७ | मातृ तथा नवशिशु कार्यक्रम सन्चालन | स्वास्थ्य चौकी खनियापानी | ५०००० |
| २८।२०८०/०८/०७ | मातृ तथा नवशिशु कार्यक्रम सन्चालन | स्वास्थ्य चौकी गुन्सी | ५०००० |
| २८।२०८०/०८/०७ | मातृ तथा नवशिशु कार्यक्रम सन्चालन | स्वास्थ्य चौकी दिमिपोखरी | ५०००० |
| २८।२०८०/०८/०७ | मातृ तथा नवशिशु कार्यक्रम सन्चालन | स्वास्थ्य चौकी बेथान | ५०००० |
| २८।२०८०/०८/०७ | मातृ तथा नवशिशु कार्यक्रम सन्चालन | स्वास्थ्य चौकी हिलेदेवी | ५०००० |
| ४९०।२०८१/०२/२९ | स्वास्थ्य संस्था संचालन तथा व्यवस्थापन खर्च | जोरधारा सामुदायिक स्वास्थ्य इकाइ | २०००० |
| ४९०। २०८१/०२/२९ | स्वास्थ्य संस्था संचालन तथा व्यवस्थापन खर्च | भिरकोट सामुदायिक स्वास्थ्य इकाइ | २०००० |
| ४९०। २०८१/०२/२९ | स्वास्थ्य संस्था संचालन तथा व्यवस्थापन खर्च | मानपुर सामुदायिक स्वास्थ्य इकाई | २०००० |
| ४९०। २०८१/०२/२९ | स्वास्थ्य संस्था संचालन तथा व्यवस्थापन खर्च | स्वारा सामुदायिक स्वास्थ्य इकाई | २०००० |
| ४९०। २०८१/०२/२९ | स्वास्थ्य संस्था संचालन तथा व्यवस्थापन खर्च | स्वास्थ्य चौकी खनियापानी | ५०००० |
| ४९०। २०८१/०२/२९ | स्वास्थ्य संस्था संचालन तथा व्यवस्थापन खर्च | स्वास्थ्य चौकी गुन्सी | ५०००० |
| ४९०। २०८१/०२/२९ | स्वास्थ्य संस्था संचालन तथा व्यवस्थापन खर्च | स्वास्थ्य चौकी दिमिपोखरी | ५०००० |
| ४९०। २०८१/०२/२९ | स्वास्थ्य संस्था संचालन तथा व्यवस्थापन खर्च | स्वास्थ्य चौकी बेथान | ५०००० |
| ४९०। २०८१/०२/२९ | स्वास्थ्य संस्था संचालन तथा व्यवस्थापन खर्च | स्वास्थ्य चौकी हिलेदेवी | ५०००० |
| ४९०। २०८१/०२/२९ | स्वास्थ्य संस्था संचालन तथा व्यवस्थापन खर्च | सामुदायिक स्वास्थ्य इकाई धारापानी | २०००० |
| ४७६।२०८०/०४/०१ | बिमा तथा नवीकरण खर्च | सन्तोष थापा मगर | १००००० |
| ४७६।२०८०/०४/०१ | पत्रपत्रिका, छपाई तथा सूचना प्रकाशन खर्च | सोमप्रसाद न्यौपाने | ४५००० |
| १७।२०८०/०६/१३ | सेवा र परामर्श खर्च | टासी लामा | २५०००० |
| २८५।२०८०/११/०३ | बिमा तथा नवीकरण खर्च | देव शंकर यादव | ६००००० |
| **जम्माः** | | | **२०६७०००** |

| पेश्की | २०,६७,००० |
|---|---|

## ५९ ठेक्का अभिलेख

सार्वजनिक निर्माण कार्य गर्ने हरेक निकायले ठेक्का अभिलेख म.ले.प.फा.न.५०७ को ढाँचामा अद्यावधिक गरी राख्नुपर्ने व्यवस्था छ। निर्माण कार्यको विस्तृत अभिलेखांकनको लागि प्रयोग गरिने ठेक्का सम्बन्धी अभिलेखले कूल गर्नुपर्ने कार्य, हाल सम्म भएको कामको परिमाण, मूल्य, कार्य सम्पादन जमानत, पेस्की ग्यारेन्टीको अवस्था, काम सम्पन्न गर्नुपर्ने मिति, भेरिएशन लगायतको जानकारी उपलब्ध

हुन्छ। तर यस कार्यालयले उक्त विवरण देखिने गरी अभिलेख राखेको देखिएन । अतः स्वीकृत ढाँचा अनुसार सवै विवरण खुल्ने गरी ठेक्का अभिलेख अद्यावधिक गरी राख्नुपर्दछ ।

६० **वडा कार्यालय परिसर तथा सडक निर्माण**

पूँजीगत शिर्षकमा विनियोजित शिर्षकको सम्बन्धित कार्य प्रकृति अनुसारको नर्म्सको आधारमा उपयुक्त शिर्षकबाट खर्च लेख्नु पर्दछ । वडा कार्यालय व्यवस्थापन तथा सडक निर्माण अन्तर्गतको कार्यक्रममा ३५५ घ.मि. साइजको जालीमा ढुंङ्गा भर्ने कार्यको लागि सिँचाई विभागको नर्म्स अनुसार प्रति जाली घ.मी. २१९५ हुनेमा २५९७।- कायम भै भुक्तानी भएकोले रु ४०१.२ ले फरक भएकोले रु.१,६२,५२८।- बढी रकम नियम सम्मत नभएको रु.

| | |
|---|---|
| अनियमित भएको | १,६२,५२८ |

६१ **अनुदानको अनुगमन**

पालिकाबाट बिनियोजित आ.व. २०८०।८१ को कार्यक्रम अनुसार कृषि तथा पशुपंक्षी कार्यक्रममा ५ वटै वडा अन्तर्गत लागु गर्ने गरी निम्नानुसार अनुदान खर्च लेखेकोमा अनुदान कार्यक्रम संचालन पछि कार्यक्रम संचालनको स्थिती के छ, अनुदानको सदुपयोग र प्रभावकारीताको स्थिति के छ भनी पालिकाले अनुगमन गरी प्रतिवेदन गरेको पाइएन । अनुदानको उपयोगको स्थिती स्पष्ट गर्न आवधिक अनुगमन हुनुपर्दछ ।

| **कार्यक्रम** | **अनुदान बिधि (%)** | **रकम** |
|---|---|---|
| औषधी खरिद र ढुवानी | १०० | ३००००० |
| कुखुरा उत्पादनमा आधारित | १०० | ३००००० |
| कृषि यान्त्रीकरणमा अनुदान | ५० | १००००० |
| कृषि बिषादी खरिद | १०० | ५००००० |
| तरकारी विउ बिजन खरिद | ५० | २००००० |
| पशुपंक्षी दाना उत्पादन कार्यक्रम | १०० | ७००००० |

पालिकाले अनुदान वितरणको अभिलेख राख्ने तथा वितरण गर्दा नीति र मापदण्ड बमोजिम मात्र वितरण गर्नुपर्ने तर्फ ध्यान दिनुपर्दछ ।

६२ **पाइप**

पालिकाले यो वर्ष विभिन्न लिफ्ट सिँचाई आयोजना र खानेपानी पाइप विच्छयाउने प्रयोजनको लागि HDPE पाइम विभिन्न साइजको खरिद गरेकोमा पाइपको PN Ratio प्रति के.जी।/सेकेन्डको आधारमा खानेपानी विभागले तोकेको न्युनतम दररेट प्रति के.जी. अनुपातको दर प्रयोग गरी मितव्ययी खरिद प्रकृया अपनाउनु पर्नेमा औषत र माथिल्लो प्रति के.जी.रनिङ्ग मिटरको दरको आधारमा किलोमा गणना गरी भुक्तानी गर्दा बढी दरमा रु.१६,५०,३६१।- भुक्तानी भएकोले उक्त रकम असुल गर्नुपर्ने रु.

| आयोजना | साइज र PN अनुसारको दर A | रनिङ्ग मिटर र KG | भुक्तानी हुनुपर्ने रकम (प्रति KG ३१६ मा समेत) | भुक्तानी भएको रकम | बढी रकम |
|---|---|---|---|---|---|
| कामाखखोला, चौरीखोलालिफ्ट सिँचाई आयोजना | 20mm/Dia,PN-16 =0.120 | 0.120*38000=456KG | १४४२७८४ | १८०३४८० | ३६०६९६ |
| कामाखखोला, चौरीखोलालिफ्ट सिँचाई आयोजना | 25mm/Dia,PN-12.5 =0.154 | 0.154*260mtr =41.58KG | १३१५५ | १८३०६ | ५१५१ |
| कामाखखोला, चौरीखोलालिफ्ट सिँचाई आयोजना | 40mm/Dia,PN-10 | 0.328*3000mtr =984KG | ३११३३७ | ४०६८०० | ९५४६३ |
| कामाखखोला, चौरीखोलालिफ्ट सिँचाई आयोजना | 50mm/Dia,PN-6 | 0.324*3050mtr =988.2KG | ३१२६६६ | ४२०४७३ | १०७८०७ |
| कामाखखोला, चौरीखोलालिफ्ट सिँचाई आयोजना | 50mm/Dia,PN-10 | 0.506*1800mtr | २८८१७७ | ३४५७८० | ५७६१० |
| कामाखखोला, चौरीखोलालिफ्ट सिँचाई आयोजना | 63mm/Dia,PN-6 | 0.515*1800mtr =927KG | २९३३०२ | ३५६४०२ | ६३१०० |
| कामाखखोला, चौरीखोलालिफ्ट सिँचाई आयोजना | 63mm/Dia,PN-6 | 0.515*1660mtr =854.9 | २७०४९० | ३५६४० | ८५९१२ |
| कामाखखोला, चौरीखोलालिफ्ट सिँचाई आयोजना | 63mm/Dia,PN-10 | 0.809*1310mtr =1059KG | ३३५०६७ | ४१४४८४ | ७९४१७ |
| कामाखखोला, चौरीखोलालिफ्ट सिँचाई आयोजना | 75mm/Dia,PN-6 | 0.739*1550mtr =1145KG | ३६२२७८ | ५२५५६९ | १६३२९१ |
| कामाखखोला, चौरीखोलालिफ्ट सिँचाई आयोजना | 90mm/Dia,PN-6 | 1.040*2304mtr =2396KG | ७५८१४५ | ८३३१२६ | ७४९८१ |
| कामाखखोला, चौरीखोलालिफ्ट सिँचाई आयोजना | 20mm/Dia,PN-16 | 0.120*30000mtr =3600KG | ११३९०४० | १४२३८०० | २८४७६० |
| कामाखखोला, चौरीखोलालिफ्ट सिँचाई आयोजना | 40mm/Dia,PN-10 | 0.328*3000mtr =984KG | ३११३३७ | ४१८१०० | १०६७६३ |
| कामाखखोला, चौरीखोलालिफ्ट सिँचाई आयोजना | 50mm/Dia,PN-6 | 0.324*3050mtr =988.2KG | ३१२६६६.४८ | ४२०४७३ | १०७८०६.५२ |
| कामाखखोला, चौरीखोलालिफ्ट सिँचाई आयोजना | 50mm/Dia,PN-10 | 0.506*1800mtr =910KG | २८८१७७ | ३४५७८ | ५७६०३ |
| **जम्मा** | | | **६४३८६२१** | **७४५७०११** | **१६५०३६१** |

| असुल गर्नुपर्ने | १६,५०,३६१ |
|---|---|

६३ **फरक दररेट**

पूर्णसिंहको घरदेखि सुनापति सम्म सडक योजना कार्यान्वयन गर्न पालिकाले रु.१ करोड ९३ हजार ७२४ को लागत अनुमान तयार गरेकोमा रु.५५ लाख १९ हजार ४२८ को सम्झौता गरेको छ । जस अनुसार ग्याबियन प्रोटेक्सन वालको लागि १३९.५० घ.मी. को

कार्य भएकोमा सिँचाई विभागको दररेट रु.२,१९५।- प्रति घ.मी. र सडक विभागको प्रति घ.मी. रु.२,५९८।- न्यून रहेकोमा मितव्ययी दररेट प्रयोग नगरी लागत अनुमान तयार गरेकोले रु ५६,०७९।- नियमितसंगत नदेखिएको रु.

| | |
|---|---|
| अनियमित भएको | ५६,०७९ |

६४ **PS आइटमको भुक्तानी:**

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२३ अनुसार भुक्तानी गर्दा नापी कितावमा प्रमाणित गरी मात्रै खर्च लेख्नुपर्नेमा वडा कार्यालय परिसर र व्यवस्थापन तथा सडक निर्माण वडा नम्वर २ अन्तर्गत को कार्य सम्पन्न गरी निर्माण व्यवसायी भञ्ज्याङ निर्माण सेवालाई प्रोभिजनल सम वापतको रकम भुक्तानी गर्दा वीमा गरेवापत भुक्तानी भएको रकम रु.५,०६०।- मात्रै रहेकोमा ४०,७०७।- भुक्तानी भएकोले बिजकको आधारमा रु.३५,६४०।- बढी भुक्तानी भएको रकम असुलउपर गर्नुपर्ने रु.

| | |
|---|---|
| असुल गर्नुपर्ने | ३५,६४० |

६५ **लागत सहभागीता**

पालिकाले आयोजना/कार्यक्रम छनौट गर्दा उपभोक्ता समितिको तर्फबाट नगद लागत सहभागीता जुट्ने आयोजनालाई प्राथमिकता दिनुपर्ने, नगद सहभागीता तोकिएको अवस्थामा सहभागीता वापतको रकम सम्बन्धित स्थानीय तहको खातामा दाखिला गरी सोको भौचर प्राप्त भएपछि मात्र उपभोक्ता समितिसँग योजना सम्झौता गर्नुपर्दछ । तर पालिकाले लागत सहभागीता सहितका लागत अनुमान तयार गरेको देखिएन। अतः नगद लागत सहभागीता जुट्ने आयोजनालाई प्राथमिकता दिनुपर्दछ ।

६६ **पूँजीगत खर्चको अवस्था**

सार्वजनिक खरिद ऐन, २०६३ को दफा ९ अनुसार सार्वजनिक निकायले कुनै खरिद गर्नुपर्दा एवं भएसम्म खुल्ला रुपमा बोलपत्र माग गरी खरिद गर्नुपर्नेमा यो वर्ष पूँजिगत शिर्षकबाट रु.१५,०९,९६,००७।०१ खर्च गरेकोमा रु.४,७२,२६,२३९।९४ अर्थात् ३१.२८ प्रतिशत मात्र बोलपत्रबाट खरिद गरेको छ । कुल खरिद मध्ये उपभोक्ता समितिबाट रु.५,७२,०७,७२२।५० को खरिद गरेको छ । उपभोक्ता समितिबाट खरिद गर्दा प्रतिस्पर्धा नहुने हुँदा सार्वजनिक खरिदलाई प्रतिस्पर्धी एवं मितव्ययी हुने गरी खरिद कार्य गर्न ठेक्का व्यवस्थापनको कार्यमा जोड दिनुपर्दछ ।

६७ **प्रधानमन्त्री रोजगार कार्यक्रम**

स्थानीय तहमा सूचीकृत बेरोजगार व्यक्तिलाई न्यूनतम रोजगारीको प्रत्याभूत गराउन एवम् सामूदायिक पूर्वाधारहरुको विकास मार्फत नागरिकको जीवनयापनमा सुधार ल्याउने उद्देश्यले स्थानीयतह भित्र प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालनमा रहेको छ । यस कार्यक्रम व्यवस्थित रुपमा सञ्चालनका लागि प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालन निर्देशिका, २०७५ तयार गरेको छ । यस कार्यक्रम अन्तर्गत पालिका अन्तर्गत ५ वडामा बाटो सरसफाई, सडक मर्मत, सडक ट्र्याक खोल्ने, सिंचाई लगायतका ३२ योजना सञ्चालन गरी यस वर्ष ९८ जनालाई औसत ५३ दिनले ५२११ दिन रोजगारी उपलव्ध गराई रु.३५,६२,७२१।- श्रमिक ज्याला खर्च गरेको छ । पालिकाका नियमित योजना र प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तर्गतका योजना छनौट गर्दा योजना छनौटको आधार नखुलाएकोले योजनामा दोहोरो नहुने गरी योजना छनौट गरी कार्यान्वियन गर्नुपर्दछ । उक्त खर्चबाट लक्षित वर्गमा अल्पकालीन रोजगारी सृजना भए तापनि कामको दीगोपना तथा दीर्घकालीन रोजगारी सिर्जना भएको देखिदैन । तसर्थ कार्यक्रम सञ्चालन निर्देशिका बमोजिम व्यवस्थित तवरले कार्य सञ्चालन गर्नुपर्दछ ।

६८ **किसान सुचिकरण**

शसर्त कार्यक्रम शिर्षकमा विनियोजित रकम सम्बन्धित शिर्षकमा खर्च गर्नुपर्ने व्यवस्था छ । किसान सुचिकरण कार्यक्रम कार्यान्वयन कार्यविधि, २०७७ बमोजिम किसान सुचिकरण कार्यक्रमको लागि विनियोजित रकमबाट पालिकाले भौ.नं. १९९।२०८१।३।१२ बाट आर्थिक विकास समिति तथा गाउँपालिका रासायनिक मल व्यवस्थापन समितिको विभिन्न मितिमा बैठक बसी समितिका ६ जना समेत २९ जनालाई रु.१,९४,०००।- भत्ता भुक्तानी गरेको देखिन्छ । पालिकाले सो समितिको बैठक भत्ता सम्बन्धित शिर्षकबाट भुक्तानी गर्नुपर्नेमा किसान सुचिकरण कार्यक्रमबाट भुक्तानी भएकोले असुल गर्नुपर्ने रु.

| | |
|---|---|
| असुल गर्नुपर्ने | १,९४,००० |

६९ **शिक्षक दरवन्दी र पदपूर्ति**

स्थानीय तह अन्तर्गत रहेका सामुदायिक विद्यालयहरूमा दरबन्दी अनुसार शिक्षकको पदपूर्ति भई नियमित पठनपाठनको व्यवस्था हुनुपर्दछ । यस पालिका अन्तर्गत ३४ वटा विद्यालयमा २३९ जना शिक्षक दरबन्दी भएकोमा सबै पदपूर्ति र पदपूर्तिमध्ये १२० जना करार/राहत शिक्षक रहेको देखिन्छ । दरवन्दी अनुसार पदपूर्ति हुनुपर्दछ । ति विद्यालयहरुमा विद्यालय तथ्याङ्क अनुसार कुल विद्यार्थी संख्या २९१५ रहेको देखिन्छ । विद्यार्थी संख्याको तुलनामा शिक्षक बढी भएको विद्यालयबाट कम शिक्षक भएको विद्यालयमा शिक्षकको दरवन्दी मिलान एंव न्यून विद्यार्थी भएको विद्यालयहरु सम्भाव्यताको आधारमा समायोजन गर्नुपर्दछ ।

७० **बालविकास, विद्यालय सहयोगी र विद्यालय सहायक तलब**

शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयबाट स्वीकृत कार्यक्रम कार्यान्वियन पुस्तिका २०८०।८१ को क्रियाकलाप नं. १.१.४.१ मा प्रारम्भिक बालबिकास शिक्षक, विद्यालय सहयोगी र विद्यालय सहायकलाई क्रमशः रु.१०,०००।-, रु.८,०००।-, र रु.१३,५००।- का दरले मासिक पारिश्रमिक अनुदान निकासा गर्ने तथा नेपाल सरकारले निर्धारण गरे बमोजिमको मासिक न्यूनतम पारिश्रमिकमा उल्लेखित रकममा नपुग हुने रकम स्थानीय तहले थप गर्न सक्ने व्यवस्था छ । पालिकाले भौ.नं. १३।२०८०।६।१९ बाट सामुदायिक विद्यालयको प्रारम्भिक बालबिकास शिक्षक, विद्यालय सहयोगी र विद्यालय सहायकहरुलाई श्रावण देखि असोजसम्म तलब भत्ता रु.२३,२०,९६७।- निकासा गर्दा स्थानीय तहबाट थप गर्नुपर्नेमा संघीय सशर्त शिर्षकबाट निकासा गरेकोले संघीय संचित कोषमा फिर्ता हुनुपर्ने रु.

| | |
|---|---|
| प्रमाण पेश नगरेको | २३,२०,९६७ |

७१ **विद्यालय सुपरिवेक्षण तथा अनुगमन**

शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयबाट स्वीकृत कार्यक्रम कार्यान्वियन पुस्तिका २०८०।८१ को क्रियाकलाप नं. २.७.१३.३०२ मा स्थानीय तहले विद्यालय सुपरीवेक्षण र शिक्षकको पेशागत सहयोगलाई प्रभाकारी बनाउन अनुगमन योजना बनाउने, विषयगत विषयगत समिति तथा विषय विज्ञ रहेको रोष्टर निर्माण गर्ने, सबै विद्यालयमा ३ महिनामा कम्तिमा १ पटक सुपरीवेक्षण गरी पेशागत सहयोगका लागि कक्षा अवलोकन, पृष्ठपोषण आदान प्रदान, नमुना पाठ प्रदर्शन, छोटो अवधिका मागमा आधारित तालिम संचालन एवं शैक्षिक समस्या समाधानका लागि परिचालन गर्ने व्यवस्था छ । साथै सो कार्यमा संलग्न हुनेहरुले सो कार्यको प्रतिवेदन स्थानीय तहमा पेह भए पश्चात नियमानुसार पाउने दैनिक तथा भ्रमण भत्ता, यातायात खर्च तथा खाना खाजा खर्च गर्न सक्ने व्यवस्था छ । पालिकाले विभिन्न भौचर नम्बरबाट ३४ वटा विद्यालयहरुको सुपरीवेक्षण तथा अनुगमन गरेको भनि विभिन्न मितिको भ्रमण आदेश स्वीकृत गरी रु.४,४९,०००।- भुक्तानी गरेको छ । पालिकाले ३ महिनामा १ पटक सुपरिवेक्षण तथा अनुगमन गरी भत्ता भुक्तानी गर्नुपर्नेमा निम्नानुसार कर्मचारीहरुलाई पहिलो पटक भ्रमण गरेको लगतै अर्को महिना भ्रमण तथा अनुगमन गरेको भनी रु.१८,४००।- भत्ता भुक्तानी गरेकोले असुल हुनुपर्ने रु.

| सि.नं. | कर्मचारीको नाम | भ्रमण अवधि | | रकम |
|---|---|---|---|---|
| १ | देवेन्द्र सुवेदी | ०८०।७।१९ देखि २४ | ०८०।८।१ देखि ६ | ८४०० |
| २ | दिल कृष्ण श्रेष्ठ | ०८१।२।२२ देखि २८ | ०८१।३।१२ देखि १८ | १०००० |
| **जम्माः** | | | | **१८४००** |

( ✂ ..... कार्यालयले बेरुजु फर्स्योट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-१२-२०** को निर्णयले रू **८,४००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्योट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-१२-२०** को निर्णयले रू **५,१००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

| | |
|---|---|
| असुल गर्नुपर्ने | १८,४०० |

७२ **दिवा खाजा**

शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयबाट स्वीकृत कार्यक्रम कार्यान्वियन पुस्तिका २०८०।८१ को क्रियाकलाप नं. २.७.११.१ मा स्थानीय तहले सामुदायिक विद्यालयको प्रारम्भिक बालबिकास कक्षा देखि कक्षा ५ सम्ममा अध्यनरत विद्यार्थीहरुको लागि विद्यालयमा उपस्थिति हाजिरीको आधारमा प्रति विद्यार्थी रु.१५।- को दरले १८० दिनको लागि त्रैमासिक रुपमा दिवा खाजाको रकम निकासा दिने व्यवस्था छ । पालिकाले विद्यार्थीहरुको उपस्थिति हाजिरी विद्यालयका प्रधानाध्यापक र विव्यस अध्यक्षबाट प्रमाणित गराई स्थानीय तहमा संकलन गरी संख्या एकिन भएपश्चात मात्र त्रैमासिक रुपमा निकासा गर्नुपर्नेमा विद्यालयले पेश गरेको विद्यार्थि हाजिरी विवरणको आधारमा भौ.नं. ७८।२०८०।११।०२ बाट रु.१४,४८,००१।- भौ.नं. १५२।२०८१।२।१ बाट रु.१५,१४,९९०।- र भौ.नं. २६१। २०८१।३।३१ बाट रु.९,९९,४२५।- गरी ३४ वटा सामुदायिक विद्यालयको खातामा रु.३९,६२,४१६।- निकासा गरेको छ । विद्यालयहरुले दिवा खाजाको बिल र हाजिरी विवरण पेश गरेको देखिन्छ । दिवा खाजा खर्च लेख्दा त्रैमासिक रुपमा विद्यार्थीहरुको उपस्थिति हाजिरी पुस्तिकाको आधारमा निकासा गर्नेतर्फ पालिकाको ध्यान जानुपर्दछ ।

७३ **सामुदायिक अध्ययन केन्द्र परिचालक तलब**

शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयबाट स्वीकृत कार्यक्रम कार्यान्वियन पुस्तिका २०८०।८१ को क्रियाकलाप नं. २.७.१३.११ को बुंदा नं. ६.७ मा सामुदायिक अध्ययन केन्द्रको संचालनको लागि रु.२ लाख ५० हजारका दरले अनुदान निकासा गर्ने र व्यवस्थापन समितिको निर्णयानुसार परिचालकको प्रमाणीत हाजिर हेरी मासिक रु.१०,०००।- का दरले पारिश्रमिक भुक्तानी गर्ने व्यवस्था छ । साथै नेपाल सरकारले निर्धारण गरे बमोजिमको मासिक न्यूनतम पारिश्रमिकमा उल्लेखित रकममा नपुग हुने रकम स्थानीय तहले थप गर्न सक्ने व्यवस्था छ । पालिकाले भौ.नं. २२०।२०८१।३।१७ बाट ४ वटा सामुदायिक अध्ययन केन्द्रका परिचालकलाई श्रावणदेखि असोजसम्मको पारिश्रमिक निकासा गर्दा रु.८४,०००।- स्थानीय तहबाट थप गर्नुपर्नेमा संघीय सशर्त शिर्षकबाट निकासा गरेकोले संचित कोष फिर्ता हुनुपर्ने रु.

| | |
|---|---|
| असुल गर्नुपर्ने | ८४,००० |

७४ **पाठ्यपुस्तक खरिद**

शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयबाट स्वीकृत कार्यक्रम कार्यान्वियन पुस्तिका २०८०।८१ को क्रियाकलाप नं. २.४.६.१ को क्रियाकलाप ३.१ बमोजिम IEMIS मा प्रविष्ट तथ्याङ्कलाई स्थानीय तह अन्तर्गत सञ्चालित सामुदायिक विद्यायलयमा कक्षा १ देखि १२ सम्मका विद्यार्थीहरुको यथार्थ तथ्याङ्कसँग सत्यापन गराई तेस्रो त्रैमासिक भित्र विद्यालयहरुलाई पाठ्यपुस्तक वापतको रकम निकासा दिनुपर्दछ । यसरी रकम निकासा दिदा पहिलो पटकमा विद्यार्थी संख्याको ७५ प्रतिशत संख्यालाई दिने र बाँकी २५ प्रतिशत रकम शैक्षिक सत्र २०८० को विद्यार्थी भर्नाको विवरण, पाठ्यपुस्तक खरिद र वितरण गरेको विवरणका आधारमा यकिन गरी नपुग हुने रकम मात्र थप २५ प्रतिशत निकासा दिन सकिने व्यवस्था छ । निम्नानुसार विद्यालयहरुको निकासा, बिल तथा वितरण गरेको भरपाई परीक्षण गर्दा निकासा गरेको भन्दा रु.१९,७८७।- कम भरपाई पेश भएकोले असुल हुनुपर्ने रु.

| सि.नं. | विद्यालयको नाम | निकासा रकम | वितरण भरपाई/बिल | कम भरपाई | रकम |
|---|---|---|---|---|---|
| १ | बाल मावि भिरकोट | कक्षा ९ २८*७७४.४ | २३*७७४.४ | ४ | ३०९७ |
| | | कक्षा १० ३०*९१९.६ | २७*९१९.६ | २ | १८४० |
| २ | पशुपति मावि | कक्षा १ १९*५२०.८ | १३*५२०.८ | ६ | ३१२५ |
| | | कक्षा २ १५*५५६.८ | १२*५५६.८ | ३ | १६७० |
| | | कक्षा ३ १७*५८०.८ | १२*५८०.८ | ५ | २९०३ |
| | | कक्षा ५ १६*६४०.२ | १३*६४०.२ | ३ | १९२० |
| | | कक्षा ६ १८*७१२.२ | १५*७१२.२ | ३ | २१३५ |
| | | कक्षा ९ ३५*७७४.४ | ३१*७७४.४ | ४ | ३०९७ |
| **जम्माः** | | | | | **१९७८७** |

| | |
|---|---|
| असुल गर्नुपर्ने | १९,७८७ |

७५ **सेनिटरी प्याड खरिद**

सेनिटरी प्याड (वितरण तथा व्यवस्थापन) कार्यविधि, २०७६ बमोजिम विद्यालयहरुले छात्राहरुको संख्या एकिन गरी आवश्यक पर्ने सेनिटरी प्याड शिक्षा शाखा मार्फत माग गर्ने र शिक्षा शाखाले स्थानीय तहमा भएको शैक्षिक व्यवस्थापन सुचना प्रणालीको तथ्यांकसंग भिडान गरी विद्यालयलाई आवश्यक हुने संख्यामा सेनिटरी प्याड उपलब्ध गराउनुपर्ने र विद्यालयले प्राप्त गरेको सेनिटरी प्याडको अभिलेख जिन्सी खातामा व्यवस्थित रुपले राख्नुपर्ने व्यवस्था छ । पालिकाले यस वर्ष सामुदायिक विद्यालयको कक्षा ६ देखि १२ सम्मका छात्राहरुका लागि भौ.नं. २२६।२०८१।३।१८ बाट १०४४३ प्याकेट निशुल्क सेनिटरी प्याड खरिद गरी रु.८,८५,०००।- भुक्तानी गरेकोमा विद्यालयहरुलाई हस्तान्तरण गरेको देखिन्छ । आर्थिक वर्षको सुरुमै खरिद गरी विद्यालयको मागको आधारमा वितरणको व्यवस्था मिलाउनुपर्नेमा आर्थिक वर्षको अन्तमा खरिद गरेको पाइयो । पालिकाले खर्च लेखेको प्याडको गुणस्तर परीक्षण गरेको देखिएन । प्याडको सुरक्षित भण्डारण गरी विद्यालयको माग बमोजिम निकासा दिने, वितरणको अभिलेख राखे नराखेको सम्बन्धमा अनुगमन गर्ने र वर्षान्तमा रहेको मौज्दातको आधारमा नै आगामी आर्थिक वर्षको लागि आवश्यक परिमाण एकिन गर्ने, गुणस्तर परिक्षण गर्ने लगाएतका प्रकृया पुरा गरी पालिकाले खरिद गर्नुपर्ने व्यवस्था मिलाउनुपर्दछ ।

७६ **बिल भर्पाई**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९(५) बमोजिम सरकारी रकम खर्च लेख्दा त्यस्तो खर्च पुष्टि गर्ने बिल, भरपाई र कागजात संलग्न हुनुपर्ने व्यवस्था छ । पालिकाले भौ.नं. २८।२०८०।८।७ बाट निम्नानुसार स्वास्थ्य चौकीहरुलाई रु.५०,०००।- का दरले रु.२,५०,०००।- निकासा गरेकोमा बिल भरपाई पेश नभएकोले सो पेश गर्नुपर्ने रु

| सि.नं. | स्वास्थ्य चौकिको नाम | रकम |
|---|---|---|
| १ | गुन्सी | ५०००० |
| २ | दिमिपोखरी | ५०००० |
| ३ | हिलेदेवि | ५०००० |
| ४ | बेथान | ५०००० |
| ५ | खनियापानि | ५०००० |
| **जम्माः** | | **२५००००** |

| | |
|---|---|
| प्रमाण पेश नगरेको | २,५०,००० |

७७ **औषधि खरिद**

पालिकालाई आवश्यक पर्ने औषधी पालिकाबाट खरिद गर्नुपर्ने र तालुक निकायबाट प्राप्त हुने परिमाण यकिन गरी वार्षिक आवश्यकताको परिणाम विवरण तयार गरी पुल सिस्टमको आधारमा आपूर्ति व्यवस्थापन गर्नुपर्दछ । आपूर्ति हुने औषधी वा अन्य सामानमा उत्पादन मिति, म्याद सकिने मिति, ब्याच नं. उत्पादक कम्पनीको नाम र नि:शुल्क वितरणको लागि लगायतका सूचना उल्लेख रहेको हुनुपर्दछ । आपूर्ति भएका औषधीको म्याद सकिने मिति भण्डार दाखिला समयदेखि कम्तीमा ६ महिना बाँकी हुनुपर्ने तथा भण्डारमा दाखिला गर्दा समेत उल्लेखित सबै विवरण खुलाउनुपर्दछ । यसवर्ष पालिकाले संघीय सशर्त तथा पालिका चालु शिर्षकबाट कोटेशन मार्फत रु.२७,६५,६८०।- को औषधी खरिद गरेको देखिन्छ । Electronic Logistics Management System मा गएर हेर्दा १४६ आइटमको ३५२९८५ परिमाण औषधीको मिति Expired भएको देखिन्छ । सो मध्ये Vitamin B Complex ११०००, Salbutamol 4 mg ३७९००, doxycycline 100 mg २८८४६, Ranitidine 150 mg १४८००, chlorpheniramine maleate 4 mg ५५०००, Ferrous sulphate 60 mg ५०००, Amoxycillin 500 mg ४०१४०, Paracetamol 500 mg २५५८०, Sulphamethoxazole 400 mg २२००० लगायतका औषधी रहेको देखिन्छ । आपूर्ति हुने औषधी तथा औषधीजन्य सामाग्रीको आवश्यकता तथा मौज्दातको यकिन गरी खरिद गरेको पाइएन । अत: पालिकाले औषधीको आवश्यकता, उपयोग र मौज्दातको अवस्था यकिन गरी औषधी खरिदलाई व्यवस्थित बनाउनुपर्दछ ।

७८ **दोहोरो भत्ता**

भ्रमण खर्च नियमावली, २०६४ को नियम ७(११) मा सरकारी कामको सिलसिलामा भ्रमणमा रही दैनि भ्रमण भत्ता उपयोग गर्ने पदाधिकारी वा कर्मचारीहरुले दैनिक भ्रमण भत्ता उपयोग गरेको अवधिभर फिल्ड भत्ता, बैठक भत्ता, तालिम भत्ता, स्थानीय भत्ता वा अन्य कुनै किसिमको भत्ता पाउने छैन भन्ने उल्लेख छ । पालिकाले भौ.नं. ९३।२०८०।११।४ बाट मिति २०८०।९।३ र ४ गते सिबिआईएमएनसिआई कार्यक्रमको वार्षिक समिक्षा तथा योजना तर्जुमा गोष्ठि संचालन गरी सहभागीहरुलाई भत्ता भुक्तानी गर्दा ४ जनालाई भ्रमण भत्ता भुक्तानी गरेको अवस्थामा समेत सहभागी भत्ता रु.४,७६०।- भुक्तानी गरेकोले असुल गर्नुपर्ने रु.

| | |
|---|---|
| असुल गर्नुपर्ने | ४,७६० |

७९ **भ्रमण खर्च**

( ✂ ..... कार्यालयले बेरुजु फस्र्योट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-१२-२०** को निर्णयले रू **७,५००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

| | |
|---|---|
| असुल गर्नुपर्ने | ० |

८० **मेड्पा कार्यक्रम**

गरिबि निवारणको लागि लघु उद्यम विकास कार्यक्रम संचालन निर्देशिका, २०७७ को बुंदा नं. ३९ मा तालिमबाट उत्पादित सामान वा वस्तुहरुको व्यवस्थित अभिलेख राखी त्यस्ता उत्पादनहरु परल मूल्यको पचास प्रतिशत छुट मूल्यमा सहभागीहरुलाई बिक्री गर्ने तथा यसरी बिक्री हुन नसकेमा सम्भव भएसम्म बिक्री वितरण वा प्रचार प्रसारको लागि कोसेली घर, सौगात गृह, बिक्री कक्ष वा प्रदर्शनी स्थलमा पठाउने र पठाउँदा पनि बिक्री नभएमा विवरण सहित कार्यालयमा बुझाई सात दिनभित्र स्टोर दाखिला गर्नुपर्ने व्यवस्था छ । यसरी बिक्री पश्चात प्राप्त रकम कार्यालयले तोकेको राजस्व खातामा दाखिला गर्नुपर्ने व्यवस्था छ । पालिकाले यस वर्ष सिलाई कटाई तथा गलैंचा बुनाई तालिम संचालन गरी रु.३,८९,०००।- भुक्तानी गरेकोमा के कति सामान वा वस्तुहरु उत्पादन भए र सो बिक्री भए वा भएन यकिन गर्न सकिएन । सो यकिन गरी ती वस्तु तथा सामानहरु बिक्री गरी राजस्व खातामा दाखिला गर्नुपर्दछ ।

८१ **सहभागी भत्ता**

( ✂ ..... कार्यालयले बेरुजु फस्र्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-१२-२०** को निर्णयले रू **९,६९०** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

| | |
|---|---|
| असुल गर्नुपर्ने | ० |

८२ **पारिश्रमिक कर**

आयकर ऐन, २०५८ को दफा ८ मा प्राकृतिक ब्यक्तिको सो आय बर्षको रोजगारीबाट प्राप्त पारिश्रमिक गणना गर्दा तलब, भत्ता लगायतका रोजगारीका सम्बन्धमा गरिएका सबै प्रकारका भुक्तानी समाबेश गरिने र कुल करयोग्य आयबाट छुट तथा कट्टा गर्न पाउने रकम कट्टा गरी बाँकी करयोग्य आयमा दफा ८७ बमोजिम पारिश्रमिक कर कट्टा गर्नुपर्ने ब्यबस्था छ । पालिकाले निम्नानुसार कर्मचारीहरुलाई पारिश्रमिक भुक्तानी गर्दा रु.१३,६८५।- पारिश्रमिक कर कट्टि नगरेकोले सो असुल गर्नुपर्ने रु.

| कर्मचारीको नाम | वार्षिक खुद आय | कर योग्य आय | कट्टा गर्नुपर्ने | कट्टा गरेको रकम | नपुग कर रकम |
|---|---|---|---|---|---|
| सि.अ.हे.व. चिनिमाया बल | ९२३४८६ | ६४७१०० | १०७१० | ६५७० | ४१४० |
| सि.अ.हे.व. प्रबल कुमार योन्जन | ९२३४८६ | ६८३१०० | १४३१० | ७१६५ | ७१४५ |
| सि.अ.हे.व. विनोद मण्डल | ९२३४८६ | ६२३१०० | ८३१० | ५९१० | २५०० |
| जम्माः | | | ३३३३० | १९६४५ | १३६८५ |

| | |
|---|---|
| असुल गर्नुपर्ने | १३,६८५ |

८३ **परामर्श सेवाको कार्यान्वयन**

निकटतम भविश्यमा कार्यान्वयन गर्न जरुरी भई सो सम्बन्धी आवश्यकता पहिचान भएका योजनाको मात्रै परामर्श सेवाको कार्य गर्नुपर्दछ । यो वर्ष परामर्श सेवा लिएका निम्नानुसार योजनाहरुको कार्यान्वयन हुने सुनिश्चितता देखिएन । कार्यान्वयन सुनिश्चितता नहुने योजनाको लागि परामर्शमा खर्च गर्नाले लगानी खेर जाने भएकोले कार्यान्वयनमा लैजाने योजनाको मात्रै परामर्श लिनुपर्दछ ।

| परामर्श सेवा | बजेट | कार्यान्वियन सुनिश्चितता नभएको |
|---|---|---|
| यातायात गूरु योजना | १५ लाख | नभएको |
| N Wash Plan | २० लाख | नभएको |
| गुम्वा भवन, कल्चरल म्यूजिएम एण्ड स्टेट | ५ लाख | नभएको |
| खानीखोला- पालिका लिफ्ट सिँचाई आयोजना | १५ लाख | कार्यान्वियन हुँदै |

पालिकाले परामर्श सेवामा खर्च गर्दा बजेटकै हाराहारीमा लागत अनुमान तयार गरेको, लागत अनुमानको आधार पेश नभएको, विभागीय जनशक्ति प्रयोग नगरेको, प्रतिवेदनलाई सार्वजनिक सम्पत्ती व्यवस्थापन प्रणाली (PAMS) मा दाखिला समेत तयार गरेको देखिइन ।

८४ **N Was Plan**

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम (३) बमोजिम खरिद कार्य गर्नुअघि आवश्यकता पहिचान गर्नुपर्ने व्यवस्था छ । पालिकाले वार्षिक वजेटमा नै व्यवस्था गरी खानेपानी योजना सम्बन्धी मुहान व्यवस्थापन गर्ने योजना राखी पालिकाको सबै वडामा पानीको मुहान र स्वच्छता सम्बन्धी कार्यक्रम संचालन गर्न रु २० लाख वजेटमा व्यवस्था भए वमोजिम कै हाराहारीमा परामर्श सेवा दिने गरी हाउस अफ इन्जिनियर एनालाइसिस एण्ड डिजाइन कन्टेनजेन्सी प्रा.ली.लाई रु.१९,७७,५००।- भुक्तानी गरेको छ । बजेट

सभाबाट पास गरेपनि कार्यक्रमको आवश्यकता सम्बन्धमा छलफल गरेको पाइएन । परामर्शदाता कम्पनीले प्रतिवेदन पेश गरेपनि प्रतिवेदनको पूर्णता र प्रतिवेदन उद्देश्यमुलक भयो भएन भन्ने बारे सरोकारवालासँग छलफल, राय, अन्तरक्रिया भएको नदेखिएका, परामर्श सेवाको प्रतिवेदन कार्यान्वयन योग्य र नतिजाउन्मुख छ छैन भनी यकिन गर्न सरोकारवाला समुहमा अन्तिम भुक्तानी अघि छलफल र परामर्श गर्नुपर्दछ ।

## ८५ संभाव्यता अध्ययन डि.पि.आर.

८५.१ सार्वजनिक खरिद ऐन, २०६३ को नियम ८ र ९ मा प्रतिस्पर्धात्मक प्रस्ताव माग गरी सेवा खरिद गर्नुपर्ने तथा यस्तो खरिदमा आवश्यकताको पहिचान समेत गर्नुपर्ने व्यवस्था छ । यसरी खरिद गरिने परामर्श सेवा विभागिय जनशक्तिबाटै नहुने भएमा मात्रै बाह्य जनशक्ति मार्फत लिनुपर्ने व्यवस्था छ तर पालिकाले विभागिय जनशक्तिबाट कार्य गर्न सकिने नसकिने विषयमा विश्लेषण नगरी बाह्य जनशक्तिबाट कार्य गराएको छ । परामर्श सेवाको लागत अनुमान तयार गर्दा मितव्ययीता र प्रतिस्पर्धा कायम गरी मिल्दो कार्यक्षेत्रगत कार्य अनुसार गर्न सकिने कार्यमा समेत टुक्रा टुक्रा गरी खरिद गरेको छ । विनियोजन गरेको वजेटकै हाराहारीमा लागत अनुमान तयार गरेको छ । आन्तरिक जनशक्तिवाट काम सम्पादन हुने वा नहुने यकिन गरी यथार्थपरक लागत अनुमान तयार गरी सकभर प्रतिस्पर्धी र मितव्ययी तवरले कार्य सम्पादन गर्न ध्यान दिनुपर्दछ ।

८५.२ सार्वजनिक खरिद ऐन, २०६३ को दफा ३१ अनुसार २० लाख भन्दा बढीको मालसामान खरिद कार्यमा बोलपत्रको माध्यमबाट कार्य गर्नुपर्ने व्यवस्था छ । यसै गरी दफा ९ मा सार्वजनिक निकायले खरिद गर्नुपूर्व सम्भव भएसम्म खुल्ला रुपमा बोलपत्र आव्हान गरी खरिद कार्य गर्नुपर्दछ भन्ने व्यवस्था छ । खरिद नियमावलीको नियम ३(क) अनुसार अधिकतम प्रतिस्पर्धा हुने गरी एक आपसमा अन्तरसम्बन्धित खरिद कार्य भएका प्रतिस्पर्धा सिमित नहुने गरी कार्य गर्नु पर्ने व्यवस्था छ । यस पालिकाले निम्नानुसार परामर्श कार्य बोलपत्र आव्हान गरी अधिकतम प्रतिस्पर्धा प्रवर्द्धन गरी मितव्ययी र प्रतिस्पर्धी दरमा खरिद कार्य गर्न सकिनेमा टुक्रा टुक्रा गरी सिलबन्दी दरभाउपत्रको माध्यमबाट खरिद गरेको पाइयो । यसरी खरिद कार्य गर्दा खरिदमा न्युनतम ०.२२ प्रतिशत देखि अधिकतम १.१२५ प्रतिशत मात्रै प्रतिस्पर्धा भएकोले खरिद कार्य प्रतिस्पर्धी र मितव्ययी भएको छैन । यसरी लागत अनुमान टुक्राउँदै प्रतिस्पर्धालाई सीमित गर्ने अधिकारी जवाफदेही हुनुपर्दछ ।

| क्र.सं. | कार्यक्रमको नाम | परामर्शदाता | स्वीकृत बजेट | खर्च रकम | प्रतिस्पर्धा स्थिति |
|---|---|---|---|---|---|
| १ | Preparation of mid term expenditure framework | Pathway engineerjng consultancy PVT.LTD | ५,००,००० | ४,९४,९४० | १.०१% |
| २ | Preparation of sustainable development Target localization plan of sunapati RM | Shree Samudhayak Bikash Mancha Nepal | १०,००,००० | ९,९५,८१२ | ०.४२% |
| ३ | Preparation of national water sanitation and hygience (N – WASH) | Head engineering pvt.ltd | २०,००,००० | १९,७७,५०० | १.१३% |
| ४ | Gumba bhawan cultural museum and stage | White hourse engineering survieces | ५,००,००० | ४,९४,९४० | १.०१% |
| ५ | Buddha Statue Hand staircase and heart shape | Builders vision pvt.ltd | ५,००,००० | ४,९६,०७० | ०.७८% |
| ६ | RTMP | pass consultant pvt.ltd | १५,००,००० | १४,९०,००० | ०.६६% |
| ७ | Periodic plan | Vision development solutions pvt.ltd. | १५,००,००० | १४,९१,६०० | ०.५६% |
| ८ | Saptkhola sadak tatha Masanghat nirmaan yojana | Ma sonashakti Engineering consaltancyPVt.ltd | २०,००,००० | १९,९४,४५० | ०.२८% |
| ९ | Khani Khola Paalika Lift Khanepani Yojana | Rulling Engineering Consultancy and Research Pvt. Ltd. | १०,००,००० | ९,९७,८१८ | ०.२२% |
| १० | Pekinganga chhorten lamatol guru padma stamba | R.K.M engineering pvl.ltd | २०,००,००० | १९,९५,५८० | ०.२२% |

८६ **कन्टिन्जेन्सी खर्च**

निर्माण कार्यको लागत अनुमान तयार गर्दा सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १०(७) सँग सम्बन्धित व्यवस्था सोही नियमावलीको अनुसूची १ मा तोकिएको छ । उक्त अनुसूचीमा निर्माण कार्यको लागत अनुमान तयार गर्दा वर्क चार्ट स्टाफ खर्च २ प्रतिशत र सानातिना अन्य खर्च २ प्रतिशत गरी ४ प्रतिशत कन्टिन्जेन्सी बापत खर्च गर्न सक्ने व्यवस्था छ । पालिकाले निर्माण कार्यको प्रत्येक योजनाबाट ४ प्रतिशत रकम कट्टा गरी कन्टिन्जेन्सी रु.२५ लाख १५ हजारको खर्च भएको विवरण पेश गरेपनि आयोजनागत रुपमा कुन आयोजनाबाट कति कट्टा भएको हो भन्ने आधार पेश भएको छैन ।

सार्वजनिक खरिदमा कन्टिन्जेन्सी रकम खर्चलाई व्यवस्थित गर्ने निर्देशिका, २०७४ अनुसार कन्टिन्जेन्सीबाट भएको खर्च ठेक्का एवं योजना अनुसार नापी किताबमा उल्लेख गर्नुपर्नेमा सो गरेको पाइएन । योजना अनुसार प्याकेज बनाई कन्टिन्जेन्सी रकम नापी किताबमा राख्नुपर्छ । पालिकाले पेश गरेको विवरणमा कति बजेट खर्च भयो, कति कन्टिन्जेन्सी वापत प्राप्त हुनुपर्ने, भन्ने प्रष्ट नगरी एकमुष्ट पेश गरेको छ ।

कन्टिन्जेन्सी खर्चको विवरणमा वर्कचार्ट स्टाफ खर्च २ प्रतिशत र सानातिना र अन्य खर्च २ प्रतिशत गरी खर्च गर्न सक्ने व्यवस्था भएपनि पेश गरेको विवरण अनुसार मष्टरोलमा शून्य प्रतिशत, मर्मत इन्धनमा शून्य प्रतिशत, कार्यालय संचालन तथा अनुगमनमा रु.११ लाख १६ हजार र अन्यमा रु.१३ लाख ९९ हजार खर्च भएको छ । निर्माण कार्यमा खर्च गरेको कन्टिन्जेन्सी रकमको आधारमा कुन कुन योजना संचालन भएको भन्ने स्पष्ट विवरण पेश हुन आएन । सार्वजनिक खरिदमा कन्टिन्जेन्सी रकमलाई व्यवस्थित गर्ने निर्देशिका अनुसार सानातिना खर्च छुट्टाएर मात्रै कन्टिन्जेन्सी रकम खर्च भएको यकिन गर्ने विवरण समेत तयार गर्नुपर्दछ ।

८७ **कन्टिन्जेन्सी सहितको भुक्तानी**

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ मा उपभोक्ता समितिलाई भुक्तानी गर्दा जनसहभागिता कन्टिजेन्सी रकम समेत कट्टा गरी भुक्तानी गर्नुपर्ने व्यवस्था रहेको छ । पालिकाले भौ.न. ४/२०८०/५/२७ बाट श्री पशुपती माध्यमिक विद्यालय नागसिका मर्मत

लगायतका कार्य गर्न कन्टिन्जेन्सी सहितको लागत अनुमान तयार गरेकोमा उपभोक्तालाई भुक्तानी गर्दा रु.१२,०००।- कट्टा गर्न छुट भएकाले उक्त रकम असुल गर्नुपर्ने रु.

| | |
|---|---|
| असुल गर्नुपर्ने | १२,००० |

# अनुसूचीहरू

## अनुसूची - १

## आर्थिक कारोबारको स्थिति

आर्थिक बर्ष: २०८०/८१

कार्यालय र स्थान : सुनापती गाउँपालिका, रामेछाप , सुनापति गाउँपालिका , रामेछाप

| पद | नाम | कार्यकाल सुरु मिति | कार्यकाल समाप्त मिति |
|---|---|---|---|
| कार्यालय प्रमुख | दिलकृष्ण श्रेष्ठ | २०८०-१२-१९ | |
| कार्यालय प्रमुख | Suresh Kumar Shrestha | २०८१-६-२० | हाल सम्म कार्यरत |
| लेखा प्रमुख | BINOD CHAULAGAIN | २०७८-१२-३० | हाल सम्म कार्यरत |

बेरुजु वर्गीकरण:

| असूल गर्नुपर्ने | अनियमित भएको | प्रमाणका कागजात पेश नभएको | जिम्मेवारी नसारेको | सोधभर्ना नलिएको | जम्मा पेश्की |
|---|---|---|---|---|---|
| २,६४२,७०८ | १४,७९६,५४० | ७,३६८,०७२ | ० | ० | २,०६७,००० |
| **प्रारम्भिक प्रतिवेदनबाट देखिएको बेरुजू रु.** | | | | | २६,८७४,३२० |
| **प्रारम्भिक प्रतिवेदन उपर फछ्र्यौट गरी संपरीक्षण भएको रकम रु.** | | | | | २४३,६२० |
| **संपरीक्षणबाट थप भएको बेरुजू रु.** | | | | | ० |
| **लेखापरीक्षण प्रतिवेदनमा कायम बेरुजू रु.** | | | | | २६,६३०,७०० |

स्थानीय तह :

| | | | |
|---|---|---|---|
| **गत बर्षको जिम्मेवारी** | | ४९८९७४७६.४५ | |
| **आम्दानी** | | **खर्च** | |
| **संघीय सरकारबाट अनुदान** | ३०५७०४१४४.३८ | **चालु खर्च** | २८३७००४५७.०१ |
| **प्रदेश सरकारबाट अनुदान** | ४०६६०३७७.२ | **पूँजीगत खर्च** | १५०९९६००७.०१ |
| **राजश्व बाँडफाँट** | ८२१९६३५६.९५ | **वित्तीय/अन्य व्यवस्था** | १४१४२७५१३.०५ |
| **आन्तरिक आय** | ४९९९१८१.९ | | |
| **अन्य आय** | १३८९१६६८२.३७ | | |
| **कुल आय** | ५७२४७६७४२.८ | **कुल खर्च** | ५७६१२३९७७.०७ |
| **बाँकी मौज्दात** | | ४६२५०२४२.१८ | |

## अनुसूची - २

# सुझाव

स्थानीय तहहरूद्धारा प्रदान गरिने सेवालाई छिटो, सरल, सुलभ र गुणस्तरीय बनाई स्थानीय जनताको जीवनस्तरमा सुधार ल्याउन यस स्थानीय तहले कानुन तथा नीति निर्माण, साधन स्रोतको प्रभावकारी परिचालन, विकास प्रशासन, राजस्व परिचालन, नियमित सेवा प्रवाह, आर्थिक प्रशासन लगायतका विषयमा तपसिल अनुसारका सुधार गर्नुपर्दछः

- वित्तीय हस्तान्तरण र राजस्व बाँडफाँटबाट प्राप्त हुने रकम सम्बन्धित मार्गदर्शनमा तोकिएबमोजिम विनियोजनमा कुशलता, कार्यान्वयनमा दक्षता र अपेक्षित नतिजा प्राप्त हुने गरी बजेट विनियोजन गरी समयमै पारित गर्नुपर्दछ।
- आन्तरिक आयका क्षेत्रहरू पहिचान गरी आन्तरिक आय वृद्धि गर्नुपर्दछ। कार्ययोजना तयार गरी विगतका आय बक्यौता असुल गर्ने व्यवस्था गर्नुपर्दछ।
- पदाधिकारी तथा सदस्यहरूको सुविधा सम्बन्धी ऐन अनुसार मात्र पदाधिकारीलाई तोकिएको सुविधा व्यवस्था गर्नुपर्दछ। निर्वाचित हुने पद बाहेक राज्यकोषबाट तलव सुविधा बेहोर्ने गरी नियुक्त हुने सबै पदमा योग्यता र मापदण्ड तोकिनुपर्दछ ।
- स्थानिय सेवा ऐन र नियम अनुसार सङ्गठन तथा व्यवस्थापन सर्वेक्षणको आधारमा सङ्गठन संरचना निर्माण गरी स्थायी पद सिर्जना, पद दर्ता र पदपूर्ति गरी कर्मचारी व्यवस्थापन गर्नुपर्दछ।
- भौगोलिक अवस्था, स्रोतको उपलब्धता, सेवा प्रवाहको अवस्थासमेतका आधारमा कानुन बमोजिम जनशक्ति व्यवस्थापन गर्नुपर्दछ । पदाधिकारी तथा कर्मचारीहरुको क्षमता विकास गरी कार्यसम्पादनमा प्रभावकारिता ल्याउन प्रशिक्षण तथा तालिमको व्यवस्था गर्नुपर्दछ।
- अनुदान दिने विषय, क्षेत्र, वर्ग, समूहबारे कानुनबाट नै स्पष्ट गरी अन्तिम प्रयोगकर्तालाई प्रत्यक्ष फाइदा पुग्ने तथा उत्पादन र उत्पादकत्वमा वृद्धि हुने गरी अनुदान प्रदान गर्नुपर्दछ । अति विपन्न र न्यून आय वर्गलाई सेवामा पहुँच दिन प्रदान गरिने सुविधा सोही वर्गमा पुगेको सुनिश्चित गर्न सो प्राप्त गर्नेको विवरण सार्वजनिकीकरण गर्नुपर्दछ ।
- एउटै प्रकृतिको काममा समेत लागत अनुमान टुक्र्याई सोझै खरिद गर्ने, पूर्वानुमान गर्न सकिने अवस्थामा पनि लागत अनुमान यथार्थपरक तवरले तयार नगरी भेरिएसनबाट थप कार्य गराउने प्रवृत्तिमा नियन्त्रण गर्नुपर्दछ।
- खरिद सम्झौताको निर्धारित समयमा ठेक्काको काम सम्पन्न गर्नुपर्दछ। म्याद थप कार्यलाई वस्तुनिष्ठ र तथ्यमा आधारित बनाउनुपर्दछ। निर्माण व्यवसायी वा उपभोक्ताबाट भएको निर्माण कार्यको विस्तृत विवरण देखिने गरी तोकिएको ढाँचामा अभिलेख राख्नुपर्दछ।
- स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८(५) बमोजिम स्थानीय तहले सार्वजनिक सेवा प्रवाहलाई पारदर्शी, उत्तरदायी र जवाफदेही बनाउन सार्वजनिक तथा सामाजिक परीक्षण र सार्वजनिक सुनुवाइ गर्नुपर्दछ।
- पालिकाले आन्तरिक आयको परिधिभित्र रही मापदण्डका आधारमा आर्थिक सहायता वितरण गरी प्राप्त गर्नेको नाम सार्वजनिक गर्नुपर्दछ। त्यसैगरी अनुत्पादक र वितरणमुखी कार्यक्रममा गरिने खर्च घटाउनुपर्दछ।
- आधारभूत तथा माध्यमिक तहका विद्यालयहरूमा प्रचलित नियमले तोकेअनुसार शिक्षक विद्यार्थी अनुपातको आधारमा शिक्षक संख्या कायम गरी बढी भएका शिक्षकहरू समायोजन गर्नुपर्दछ।
- एकीकृत शैक्षिक व्यवस्थापन सूचना प्रणालीमा रहेका विद्यार्थी संख्याको आधारमा दिवा खाजा, छात्रवृत्ति, पाठ्यपुस्तक र अन्य अनुदान रकम विद्यालयलाई निकासा दिनुपर्दछ ।
- बजेट तर्जुमा पूर्व नै अनुमान गर्न सकिने शीर्षकमा समेत अर्थ विविध वा अबण्डामा बजेट राख्ने र वर्षान्तमा रकमान्तर गरी खर्च गर्ने परिपाटी नियन्त्रण गर्नुपर्दछ।
- पूर्व तयारीका कार्य सम्पन्न भएका आयोजनामा मात्र बजेट विनियोजन गर्नुपर्दछ। स्रोतको सुनिश्चितताबेगरका कार्यक्रम/आयोजनामा आगामी वर्षको लागि दायित्व सिर्जना गरी भुक्तानी बाँकी राख्ने कार्यमा नियन्त्रण गर्नुपर्दछ।
- कार्यालय तथा अस्पताल भवन, सडक, सिँचाइ, खानेपानी जस्ता आयोजनाहरू कार्यान्वयन गर्दा स्पेसिफिकेशनले तोकेको संख्यामा निर्माण सामग्रीहरूको गुणस्तर परीक्षण गराउनुपर्दछ। साथै रनिङ्ग बिलसाथ गुणस्तर परीक्षण प्रतिवेदन संलग्न गरेर भुक्तानी दिनुपर्दछ।
- उपभोक्ता समितिबाट काम गराउँदा खरिद सम्झौतामा तोकिए बमोजिमको जनसहभागिताको अंश समितिबाट व्यहोर्ने गरी सम्झौता गरेकोमा कतिपय काममा सो अंश व्यहोरेको यकिन नगरी भुक्तानी दिएकोले सम्बन्धित कर्मचारीलाई जवाफदेही बनाउनुपर्दछ ।

- जटिल प्रविधि तथा उपकरणको प्रयोग हुने निर्माण कार्य र सामग्री खरिद गर्ने कार्य समेत उपभोक्ता समितिबाट गराएकोले सोमा नियन्त्रण हुनुपर्दछ ।
- कृषि, पशु, सहकारी संस्था लगायतलाई विभिन्न प्रयोजनमा अनुदान उपलब्ध गराउँदा किसानको सूचीकरण, वर्गीकरण, परिचयपत्रको व्यवस्था गरी तीनै तहको समन्वयमा दोहोरो नपर्ने व्यवस्था गर्दै एकीकृत विद्युतीय अभिलेख राखी वितरण गर्नुपर्दछ। नाफामूलक संस्थालाई अनुदान वितरण गर्नु हुँदैन।
- सहकारी तथा गरिबी सम्बन्धी व्यवस्थापन सूचना प्रणाली (कोपोमिस) तथा विद्यमान सहकारी ऐन तथा नियमको आधारमा सहकारी संस्थाहरूको सुपरिवेक्षण गरी उक्त ऐन नियम अनुसार सञ्चालन भए नभएको सुनिश्चित गर्नुपर्दछ।
- आन्तरिक नियन्त्रण प्रणाली कार्यविधि तयार गरी कार्यसम्पादनलाई मितव्ययी, पारदर्शी र व्यवस्थित गर्नुपर्दछ। अन्तिम लेखापरीक्षण अगावै आन्तरिक लेखापरीक्षण सम्पन्न गरी सोबाट देखिएका बेहोरा जिम्मेवार व्यक्तिले फर्स्यौट गर्नुपर्दछ।
- वित्तीय अनुशासन कायम गर्न लेखापरीक्षण प्रतिवेदनको सार्वजनिकीकरण तथा बेरुजु फर्स्यौटको कानुनी व्यवस्था एवं संयन्त्र तय गरिनुपर्दछ । लेखा समितिको कार्यसञ्चालन सम्बन्धी कानुन तर्जुमा गरी सो समितिलाई प्रभावकारी बनाई बेरुजु फर्स्यौट कार्यलाई व्यवस्थित बनाउनुपर्दछ।
- सरकारी पेश्की बाँकी रहेकालाई सार्वजनिक पदमा नियुक्ति नगर्ने तथा निर्वाचित हुने पदको हकमा उम्मेदवार हुन वञ्चित गर्ने एवं म्याद नाघेको पेश्कीको विवरण सार्वजनिक निकायले आर्थिक वर्ष समाप्त भएको ७ दिनभित्र सार्वजनिकीकरण गर्ने कानुनी व्यवस्था हुनुपर्दछ ।
- सार्वजनिक पदमा रहेका व्यक्तिको नाममा असुल गर्नुपर्ने बेरुजु कायम रहेकोमा सो फर्स्यौट नगरुञ्जेल वृत्ति विकासमा रोक्का गर्ने तथा नयाँ नियुक्ति नहुने कानुनी व्यवस्था गर्नुपर्दछ ।
- सार्वजनिक पदमा रहेका व्यक्तिको नाममा बेरुजु कायम भएमा सो व्यक्तिलाई उक्त बेरुजुबारे समयमै जानकारी गराउनुपर्ने र जानकारी नगराउने कर्मचारी उपर विभागीय कारबाही गर्ने कानुनी व्यवस्था गर्नुपर्दछ ।
- जिन्सी सामग्री, यन्त्र उपकरण तथा औजारहरु आवश्यकता र औचित्यका आधारमा खरिद गरी उपयोगको सुनिश्चितता हुनुपर्दछ । मौज्दातमा रहेका यन्त्र, उपकरण र औजार मर्मत सम्भार गरी उपयोग हुन नसक्ने अवस्था एकीन गरेर मात्र खरिद गर्नुपर्दछ ।
- जुनसुकै तरिकाले प्राप्त गरेको जिन्सी एवं सार्वजनिक सम्पत्तिको अभिलेख अनिवार्य रूपमा सार्वजनिक सम्पत्ति व्यवस्थापन प्रणाली (पाम्स) मा अभिलेख राख्नुपर्दछ।
- सार्वजनिक खरिद ऐन, २०६३ को दफा २९ अनुसार कार्यालयको जनशक्तिले गर्न नसक्ने कामको लागि मात्र परामर्श सेवा खरिद गरी परामर्शदाता माथिको निर्भरता कम गर्नु पर्दछ । तयार गरिएका विस्तृत आयोजना प्रतिवेदन लगायतका प्रतिवेदनहरू क्रमिक रुपले कार्यान्वियन गर्नुपर्दछ।
- सरकारी डिजिटल सेवाहरूको गुणस्तर, पहुँच र विश्वसनीयता बढाउन सेवा स्तर सम्झौता तथा गोपनीयता सम्झौता अनिवार्य गर्नुपर्दछ। एकै प्रकारको कामको लागि निकायगतरूपमा अलग - अलग सूचना प्रविधि प्रणाली खरिद गर्ने कार्यमा नियन्त्रण हुनुपर्दछ।
- सेवा प्रवाहको प्रभावकारिता लागि नागरिक सचेतना वृद्धि कार्यक्रम गर्नुका साथै नागरिकबाट पृष्ठपोषण प्राप्त गर्ने विधि अवलम्बन गर्नुपर्दछ। समयको उपलव्धता एवं सेवा खरिद गर्ने सामर्थ्य सहितको सेवा प्रवाह तय गरिनुपर्दछ ।